# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल विविधतामा एकता भएको देश हो । जहाँ विभिन्न जातजाती, भाषा, धर्म, संस्कार रहेका छन् । प्रत्येक जात जातीहरुको आ-आफ्नो भाषा, धर्म, संस्कार, मूल्यमन्यता एवम् चालचलन रहेको छ । जुन एक अर्कामा भिन्न छन् । यसका साथै धर्म, लिङ्ग, पेशा, उमेर आदि कुरामा पनि विभिन्न आधारमा पनि हाम्रा समाजमा विभेदको अवस्था कायमै छ । महिलाको लागि वैवाहिक स्थिती धेरै महत्वपूर्ण प्रभाव पार्दछ । विवाह व्यक्ति, परिवार, समाज र राष्ट्रको लागि एक महत्वपूर्ण कुरा हो यसबाट एउटा महिला छोरीबाट बुहारी भई भूमिका तथा सम्बन्धमा फरक आउँछ। विवाहले मानिसको नाता गोता, छरछिमेक र साथी भाइसँग एक अर्कामा सम्बन्ध जोडेको छ । एक महिला तथा पुरुष जब वैवाहिक सम्बन्धमा बाधिन पुग्छन् । तब उसको विभिन्न जिम्मेवारी र नाताको सम्बन्ध जोडिन पुग्छन् । जस्तै देवर देवरानी, जेठानी, काका काकी, बुहारी, जुवाई, सासु, ससुरा, अमजु, भिनाजुआदि यसै वैवाहिक सम्बन्धमा जोडिँदा केटी पक्षबाट केटा पक्षकालाई दिइने नगद तथा जिन्सी सामानलाई दाइजो भनिन्छ (भट्टराई, २०६०) ।

“विवाहमा दुलहीले दुलहा र उसको परिवारको लागि ल्याउने सम्पत्तिलाई दाइजो भनिन्छ ।”विवाहको समयमा केटी पक्षका परिवार र नातागोताले दिइने केटा र केटाको परिवारको लागितिलकको रुपममा दिइने नगद तथा जिन्सीलाई दाइजो भनिन्छ ।

आफ्नो रितिरिवाज, संस्कृति अनुसार जब एक पुरुष र महिला वैवाहिक सम्बन्धमा बाँधिन पुग्छन् । तब केटी पक्षबाट केटा पक्षकालाई दिइने सरसमान, घर घडेरी, नगद तथा जिन्सीको रुपमा दिइने साधन/श्रोतलाई दाइजो भनिन्छ । विवाह एक अत्यन्त महत्वपूर्ण सामाजिक संस्था हो । विवाहलाई नेपाली समाजले एउटा पवित्र सम्बन्धको रुपमा ग्रहण गर्दछ ।सामाजिक विकासको क्रमसँगै विवाहको शैलीमा पनि परिवर्तन आएकोपाइन्छ । हुने खाने र समृद्धि परिवारको लागि दाइजोले कुनै नकरात्मक प्रभाव नपारेको हुन सक्छ ।

किनकि उनीहरुसँग दाइजो दिन सक्ने क्षमता छ । उनीहरु भन्दा मध्यम र गरिब वर्गहरुको लागि यो प्रचलनले नकरात्मक प्रभाव पारेको छ ।जसको कारणले समाजमविभिन्न हत्या हिंसा अपाङ्गता, सम्बन्ध विच्छेद भएको पाइन्छ । केटी पक्षकालाई आफ्नो छोरी चेलीलाई विवाह गर्न र गराउँनलाई समस्या परेको देखिन्छ । (आचार्य, २०७१)

केटीको माइती तर्फबाट दिइएको दाइजोमा दुलहीको स्वामित्व रहेको हुन्छ । जसमा केटी पक्षका आमाबुबा र आफन्तले केटा पक्षकालाई दाइजो सरसमानहरु जस्तै भाडा वर्तन, वस्त्र, गहरगहना, जग्गा, नगद, सवारी साधन आदि सुम्पिने चलन रहेको छ । विवाह एक संस्कार र त्यसबाट र सिर्जित एक दाम्पत्य सम्बन्ध हो । विवाह स्त्री पुरुषलाई मर्यादित यौनिक सम्बन्धलाई वैधानिकता दिने एक इज्जत पनि हो । यसले समाजलाई सुव्यवस्थित रुपमा अगाडि बढाउन सहयोग गर्दछ । मानवको हरेक अवश्यकता पूरा गर्न समाजमा स्थापित महत्वपूर्ण संस्था विवाह हो । विभिन्न समाजमा र समुदायमा रहेका जात जाति संस्कार धर्म सँस्कृति अनुसार विवाहको धारणा, विश्वास तथा मूल्यमान्यता भने फरक फरक पाउन सकिन्छ ।

नेपाली समाजमा जब  छोराको जन्म हुन्छ, मानिसहरु खुशी हुने गर्दछन् । किनकि छोराले मर्दा क्रिया गर्छ, बुढेसकालमा सहारा बन्छ र विवाहमा दाइजो दाइजो बोकर ल्याउँदछ भनेर । यसको साथै छोरी जन्म्यो, भने निराश हुने गर्दछन् गरेर अर्काको घर जाने जात र दाइजो दिन पर्छ । तराइतिर कति घर परिवारले छोरी जन्मिनसाथ खुत्रीकीमा पैसा जम्मा गर्ने गर्दछन् । कारण विवाहमा दाइजो दिनको लागि भने छोरालाई सम्पत्तिको रुपमा हेर्ने गर्दछन् । यहाँसम्मको पाइन्छ कि केटा पढेलेखेको र क्षमतावान छ भने उसको सम्पूर्ण पढाइ खर्च समेत केटी तर्फका परिवारले तिलक कबोल गरी असुल्ने चलन प्रचलन रेहको छ । यसरी दाइजोको मागले गर्दा कति छोरीचेली भएको परिवारमा निराश, आत्महत्या र हिंसाको घटनाहरु घटेका छन् । दाइजो मागले गर्दा धेरै जसो परिवारमा जब महिला गर्भवति हुन्छिन् । छोरा छ कीछोरी छ भनेर भ्रुण जाँच गर्ने गर्दछन् । जसको कारणले गर्भमा नै भ्रुण हत्या गर्ने गरेको पाइन्छ(सुवेदी, २०५६) ।

नेपाल विविधतामा एकता भएको देश हो । जहाँ विभिन्न जातजाति, भाषा, धर्म, सँस्कार रहेका छन् । प्रत्येक जातीहरुको आ-आफ्नै भाषा, धर्म संस्कार मूल्यमान्यता एवम् रितिविाज रहेका छन् । त्यसै अनुरुप महिलाको लागि वैवाहिक स्थितिले धेरै महत्वपूर्ण प्रभाव पार्दछ । यसबाट एउटी महिला छोरीबाट बुहारीमा परिवर्तन भइ भूमिका तथा सम्बन्धमा

परिवर्तन हुन्छ । स्वास्नी मान्छेको जीवनको एक र अन्तिम उद्देश्य नै विवाह गर्नु बच्चा जन्माउनु हो भन्ने मान्यता हाम्रो समाजमा व्याप्त छ । (शर्मा, २०५६)

## १.२ समस्याको कथन

वर्तमान समयमा दाइजो व्यक्तिको व्यक्तिगत समस्या मात्र नभएर सम्पूर्ण परिवार,समुदाय, समाज र राष्ट्रको नै चासोको विषय बनेको छ । विवाह सँस्कारमा जसरी परिवर्तन देखा पर्दै गएको छ । त्यसै गरी दाइजो प्रथामा पनि परिवर्तित रूपहरु देखा पर्दै गएका छन् । विवाह सँस्कृतिमा दाइजो आदनप्रदानले विशेष भूमिका खेलेको पाइन्छ । आम जनमानिसहरु पनि यो विषयलाई चासोका साथ हेरेको पाइन्छ ।यस क्षेत्रमा विवाह गरेर आएका बुहारीहरुममा दाइजो कारणले उनीहरुको परिवारमा भिन्नता ल्याएको छ । जुन बुहारीले विवाहमा दाइजो ल्याएको छ । उसलाई माया गर्ने र नल्याउनेलाई हेला गर्ने गरेको एउटै परिवारमा पाइएको छ । परिवारमा धेरै काममा खटिन पर्ने, परिवारको सदस्यहरुको स्यार सुसार, ख्याल राख्न पर्ने देखिएको छ । दाइजो नल्याएको कारणले मानसिक तनाव दिईएको रहेको छ । माथि उल्लेखित समस्याहरुले यस अनुसन्धानलाई निंदेशित गर्ने छ । निम्न प्रश्नहरुको उत्तरहरु खोजी गर्ने जमर्को गर्नेछ ।

क) समाजमा दाइजो सम्बन्धी कस्तो धारणा रहेको छ ?

ख) दाइजोको कारणले विवाहित माहिलाहरुको अवस्था कस्तो रहेको छ?

ग) विवाहित महिलाको सामाजिक तथा आर्थिक अवस्था कस्तो रहको छ ?

## १.३ अध्ययनको उद्देश्य

दाइजो सम्बन्धी अध्ययन क्षेत्रको लागि कास्की जिल्लाको पोखरा महानगरपीलिका वडा नं.१४, खाल्टे मसिनालाई लिइएको छ । यस अध्ययनका उद्देश्य यस प्रकार छन् ।

१) समाजमा दाइजो सम्बन्धी धारणाकोबारेमा जानकारी लिनु ।

२) दाइजो कारणले विवाहित महिलामा पारेको प्रभावको विश्लेषण गर्नू ।

३) विवाहित महिलाको सामाजिक आर्थिक स्थिति विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

एक घरको छोरी अर्को घरमा विवाह गरेर/गराएर बुहारी तथा श्रमितिको रुपमा प्रबेश गर्नुपर्ने हाम्रो परम्परा रहेको छ । यसरी विवाह भएर आएका बुहारीलाई लक्ष्मीको रुपमा घर ल्याएता पनि उनीहरुप्रति कति पटकको अवस्थामा उनीहरु इज्जत र समानको रुपमा जीउन नसकेको अवस्था रहेको छ । जुन हाम्रो सँस्कृति र परम्पराले बाधेको छ ।कतिपय सँस्कृति राष्ट्रिय पहिचानको रुपमा स्थापित हुन पुगेका छन् भने कतिपय सँस्कृतिहरु व्यक्ति, परिवार समाज र सिङ्गो राष्ट्रलाई नै थप समस्याको रुपमा स्थापित छन् । जसलाई निर्मूल पार्न अत्यन्तै कठिन छ ।वर्तमान समयमा लैङ्गिक तथा व्यक्तिगत मुद्धा मात्र नभइ समग्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा बहशको विषय बनेको छ । लैङ्गिक असमानता कुनै न कुनै रुपमा संसार भरि नै पाउन सकिन्छ तर यसको व्यापक र अन्तर बढी प्रभाव भने नेपाल लगायत अर्थात् विकासन्मुख देशहरुमा बढी मात्रमा पाइन्छ ।

विगतको तुलनामा वर्तमान अवस्थामा महिलाको शैक्षिक, आर्थिक सामाजिक, राजनितिक, धाार्मिक, प्राविधिक इत्यादि क्षेत्रमा उनीहरुको पहुँच बढ्दै गएको छ । तर पनि समाजमा महिला नै हिंसाको चपेटामा पिडित र शोषित छन् । आज पनि महिलाहरु बलात्कार, बाल बिवाह, बोक्सीको आरोप, यौन शोषणबाट, घरेलु हिंसा, दाइजोबाट अपहेलित, पारिश्रममा असमनतामा पिडित भएका छन् ।

समाजमा अहिले पनि दाइजो प्रथा अगाडि बढी रहेको छ । महिलाहरु पिडित भएका छन् ।दाइजोको कारणले महिला हिंसामा परिरहेका छन् । यसको कारणले धेरै महिलाहरु र उनको परिवारल सास्ती भोग्नु परेको छ । त्यसकारण यो विषय अत्यन्त संबेदनशिल छ । यही विषयको वरपर रहेर अध्ययन गर्ने जमर्कोगरेको छु । विवाहित महिलाको हालको स्थतिलाई यो अध्ययनले बाहिर ल्याउने महत्व बोकेको छ । मेरो यो अनुसन्धानले अन्य व्यक्ति, समुदाय सरकारी तथा गैर सरकारी संस्थाहरुलाई सहयोग पुर्‍याउने अपेक्षा राख्दछु ।

## १.५ अध्ययनको सिमा

“दाइजो सम्बन्धी” कुनै निश्चित क्षेत्र भित्रसम्बन्धित विषय अन्तर्गत भएर आफ्नो अध्ययनलाई अगाडि बढाइएको छु । जस अन्तर्गत कास्की जिल्ला लेखनाथ महानगररपालिका, खाल्टे मसिना- १४, को समाजलाई मात्र लिएको छ । घरपरिवारका विवाहित महिलाहरुमा केन्द्रित भएर अध्ययन गरिएको छ । जसमा १५-४०वर्ष उमेरसम्मको

विवाहित महिलाहरुको सामाजिक, आर्थिक,बारेमा अध्ययन गरिएको छ । महिलाहरुको दैनिक जीवन यापन, पारिवारिक कार्य प्रक्रियाको अवस्था,परिवारले गर्ने वास्ता र सहयोग, दाइजोको कारणले पारेको प्रभाव सम्बन्धी समावेश गरिएको छ । यो अध्ययन एउटा सानो क्षेत्रलाई समेटिएको कारणले यसबाट प्राप्त परिणाम र निस्कर्षहरु सवै ठाउँमा पूर्णरुपले प्रभावकारी नहुन पनि सक्छ तर दाइजो प्रथा प्राचिन समयदेखि नै चलि आएको हुनाले यस अध्ययनबाट देखिएका नतिजाले ज्ञान दिन सक्नेछ । यस अध्ययन क्षेत्र एउटा निश्चित र सानो क्षेत्रलाई लिइएको छ । नेपालमा पनि सवै ठाउँमा चलि आएको प्रथा भएकोले गर्दा अन्य ठाउँकोलागि पनि प्रतिनिधित्व गर्न सक्छ ।

# अध्याय-दुई
# साहित्यको पुनरावलोकन

## २.१ दाइजो प्रथाको अवधारणा

मानवशाली ज्याक गुडेल दाइजो प्रथा बारेमा तुलनात्मक अध्ययन गरेका छन् । उनले जापानदेखि आयरल्याण्डसम्म फैलिएको यूरेशियन समाज र अफ्रिकी समाजको अध्ययन गरेका थिए । ती समाज मध्य युरेशियन समाजमा दाइजोको रुपमा पैत्रिक सम्पति केटा केटी दुवै पक्षलाई प्रदान गरिन्थ्यो । समाजमा दाइजोको रुपमा प्रयोग हुने नगदजिन्सी सामानहरु केटा पक्षबाट केटी पक्षलाई प्रदान गरिन्थ्यो जसलाई “वधुभुक्ष्य” भनिन्थ्यो ।

गुडेले अध्ययन गरेका दुई समाजमध्ये एउटा गहन कृषि प्रणालीमा आधारित थियो । जसमा हलोजस्ता औजारहरु प्रयोग गरिन्थ्यो । त्यस समाजमा श्रम विभाजन मध्ये पुरुषको भूमिका बढी हुने भएकाले दाइजोको सम्पत्ति पुरुष (केटा) पक्षलाई प्रदान गरिन्थ्यो । यो समाजमा श्रीमान श्रीमति सहित एकल परिवारको वैवाहिक प्रचलन रहेको उल्लेख गरिएको छ ।

त्यस्तै गरी कृषि प्रणाली भएको समाजमा कामको बढी भूमिका महिलामा निर्भर हुने भएकाले केटा पक्षबाट दाइजो दिने चलन चलेको थियो । त्यो समाजमा बहु पत्नी विवाहका प्रचलन पाइन्थ्यो । किनकि महिला श्रमको महत्व बढी हुने हुँदा गुडेको सिद्धान्त प्रति विभिन्न विद्धावान्हरु विमति तथा बहश चलाएको पाइन्छ । शिक्षभिया याइगिस्को बिचारमा जापान दक्षिण इटाली र चीनको प्रचलन गुडे भन्दा फरक पाइयो । उनको अध्ययनमा ती समुदायमा दाइजो महिलाको सम्पत्तिको रुपमा लिइन्थ्यो । त्यसको कतिपय केटा पक्षका संयुक्त परिवारको साझा स्वामित्वमा समेत पुग्दथियो । त्यस्तो संयुक्त परिवारमा केटाको बुबाआमा उसका विवाहित दाजुभाई अविवाहित दिदिबहिनी तेस्रो पुस्ताका केटाकेटीहरु समेत पर्दथे । भनि उल्लेख गरिएको छ । यस प्रकारले गुडे अन्य विद्धावान्हरुले दाइजोको उत्पत्ति र प्रचलनबारे उल्लेख गरेका छन् र यसप्रकार यो प्रथा विश्वव्यापी रहेछ भन्ने सिद्ध हुन्छ(अर्याल, २०६२) ।

प्राचिन बेबिलोनमा दाइजो प्रथा समाजमा सन्तानको रुपमा चलि आएको कुरा बर्जित छ । आर्थिक एवंम सामाजिक सुरक्षाका हेतुले छोरालाई दाइजो दिने प्रचलन थियो । बेबिलोनियन सामाजमा केटा पक्ष तथा केटी पक्ष दुवै तर्फ दाइजो लिने र दिने प्रचलन थियो । यदि विवाहित जोडी बीचमा छोटपत्र भएमा दाइजो फिर्ता लिने दिने चलन पनि थियो । प्राचिन ग्रीसमा पनि छोरीलाई घर तर्फका परिवारले राम्रो व्यवहार गरुन् भन्ने मनसायले दाइजो दिने गरिन्थ्यो । इं.सा को पाचौ शताब्दी तिर ग्रीस समाजमा दाइजो प्रथा प्रचलनमा रहेको उल्लेख छ । नयाँ विवाहित केटीको मृत्यू भएमा माइती तर्फ फिर्ता गर्नै प्रचलन थियो । कानुनी सुधारको रुपमा सन् १९८३ देखि दाइजो प्रथालाई पारिवारिक कानुनबाट हटाइएको छ । रोमन कालिन समयमा दाइजो प्रथा संस्थागत रुपमा विकसित थियो । केटी तर्फका परिवारले केटा पक्षलाई दाइजो उपहार दिने प्रचलन उल्लेख छ । यी सवै छोरीको हितमा हुने कर्म भनि मान्दथे । दक्षिण एशियाको शन्दर्भमा चर्चा गर्दै भारतमा मनुस्मृति बीच प्राचिन साहित्यमा पनि दाइजो चर्चा गरिएको छ । खास गरी प्राचिन कडियामा पश्चिममा दाइजो प्रथा प्रचलनमा रहेको उल्लेख छ । उच्च ब्रहमण परिवारमा यसलाई समाािजिक प्रतिस्ठानको र पर्वमा लिइन्थ्यो । तल्लो जातका समुदायमा भने यो प्रचलन निषेधित थियो । प्रशिद्ध विद्धावन् स्टन तथा हाम्मबियाको अध्ययनले यो प्रचलन विश्व शताब्दीको मध्य तिर निषेध गरिएको कुरा उल्लेख छ । यद्यपी दुवै परिवारमा आपसी लेनदेनको रुपमा यो प्रथालाई जिवितै राखिएको छ । मइकल बिलजेलले भने प्राचिन वादीकालिन समयमा भारतीय समाजमा दाइजो प्रथा प्रचलनमा नरहेको कुरा उतिबेलाको साहित्यमा वर्णन गरिएको छ भनिएको छन् । उनका अनुसार दुलही तर्फबाट लिइने दाइजो प्रथा केवल विवाहमा मात्र प्रचलनमा रहेको थियो । जुन कुरा मनुस्मृतिमा उल्लेख गरिएको छैन भनिएको छ (अर्याल, २०६२) ।

दाइजोको रुपमा जग्गा जमिन पैसा पोशाक,बस्त्र सिलाइ र बुनाइ सामान र घरायसी प्रयोगमा आउने सामानहरुलाई लिइन्छ । दाइजो रुपमा जमिन गरगहना, पैसा, पोशाक, बस्त्र, सिलाई बुनाई, भाँडाकुडाँ,बाइक आादि समानहरुलाई लिइन्छ । दाइजो माइतीले छोरीलाई दिने उपहार हो । जसबाट आर्थिक संकट परेको बेला हकवाला महिलाले बेचबिखन गर्न सक्छिन् । आवश्यक परेको बेला छोरी तथा उसको सन्तानमा हस्तान्तरण गर्न पनि सक्छिन् । यूरोपमा आधुनिक समयसम्म पनि दाइजो प्रथाको प्रचलन रहेको पाइन्छ । अपहरण तथा जबरजस्ती करणी गरेको दोषी पुरुषबाट पिडित महिलालाई हर्जना स्वरुप

दाइजो असुल्ने प्रचलन यूरोपेली समाजमा पाइन्थ्यो । यस्तो किसिमको चलन २० औं शताब्दीसम्म रहेको थियो । जसलाई असामाजिक वा नियम विरुद्ध गरिएको कसुर वापत आइन्दा त्यस्ता काम नदोहोरीनलाई प्रतिवद्धता स्वरुप दाइजो हर्जना तिराइन्थ्यो । धनी क्रियश्चियन वा पादरीहरु आ आफ्नो क्षेत्रका चर्चमा गरिब परिवारको युवतीहरुको विवाहकोलागि दान दिने गर्दथे । पूर्वी यूरोपमा दाइजोको रुपमा जसले छैटौं शताब्दीका साहित्यमा उच्च वर्गमा बढी दाइजो प्रथा प्रचलन रहेको कुरा वर्णित छ । भिक्टोरियन इङ्गलैण्डमा उच्च वर्गका मानिसहरु विवाह योग्य छोरी र महिलाहरुलाई दाइजो स्वरुप अग्रिम रुपमा भुक्तानी दिने प्रचलन पनि थियो । धेरै विवाह योग्य युवतीले धेरै दाइजो पाउँदथे ।यद्यपि नेपालमा दाइजो विरुद्धको कानुनी प्रावधान भएता पनि यसको अवस्था भने दण्डहिनताको छ । । तर मूल्यको रुपमा बढी तिलक( नगद नाग) ठोक्ने चलन छ । दाइजो बढी ल्याउने महिलालाई घरायसी काममा केही सहुलियत हुन्छ । उनको निर्णय क्षमता बढी परिवारमा चहलपहल र रवाफ पनि बढी हुन्छ । दाइजो समस्याले गर्दा गर्भ अवस्था भ्रुणको लिङ्ग पहिचान गरी छोरी भएमा गर्भपतन गर्ने पनि यसै विकृतिबाट सृजना गरिएको छ । केटाबाट मनग्गे दाइजोको माग पूरा गर्न नसक्ने अवस्थाले गर्दा कतिपय अवस्थामा अपराधिक क्रियाकलाप घट्ने गरेको छ (शर्मा, २०३९) ।

## २.२ महिला हकहित सम्बन्धी भएकानीति तथा व्यवस्थाहरू

प्रत्येक समाजमा विद्यमान रहेका लङ्गिक असमानताको कारण त्यसलाई प्रभाव पार्नै पक्षहरुमा समाजिक, साँस्कृतिक,राजनितिक, शिक्षा पक्षहरुजिम्मेवार रहेका छन् । जसले महिलाको हक हितको र अधिकारको लागि जोड दिन्छ । साथै महिलाको दृष्टिबाट हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ ।

मानव अधिकारमा महिलाहरुको पनि अधिकारको विषय समाहित भएको छ । विकास सँगसँगै महिला हक अधिकारको पनि अवधारण विकास भएको मान्न सकिने भएतापनि अधिकारको विषयमा संस्थागत प्रयासले २० औं शताब्दीको पारम्भवसम्म हुन सकेको पाइदैन । २० औं शताब्दीमा आएर मात्र पुरुष सरह महिलाले पनि आर्थिक, समाजिक, राजनैतिक लगायतका राष्ट्रिय जीवनका समग्रह क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनुपर्छ भनि औपचारिक रुपमा महिला अधिकारको सम्बन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्रसँघ महिला पुरुषबीच समानता

एवम मानव अधिकारप्रति सम्मान कायम हुनुपर्छ, भन्ने उल्लेख छ । यसलाई सन् १९४८ डिसेम्बर १० को मानव अधिकार विश्वव्यापी घोषणा पत्रले अझ सशक्त तुल्यायो । महिला वर्गको सामाजिक अधिकार एवम राजनितिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्र संघले महिलाको स्थिति सम्बन्धी आयोगगठन गऱ्यो । शताब्दीऔं देखि विद्यमान महिला र पुरुषका कामदार बीचको असमान ज्याला सम्बन्धी प्रथा हटाउने उद्देश्यले सन् १९५१ मा भेदभाव सम्बन्धी महिला र पुरुष कामदार बीचको असमान ज्यालाबीचको प्रथा हटाउने उद्देश्यले समान ज्याला दिनुपर्दछ भन्ने मान्यताको घोषणाको साथै समान ज्याला सम्बन्धी महासन्धी सन् १९५१ मा अन्तराष्ट्रिय श्रम संगठनद्धारा पारित गरियो ।

महिला राजनितिक सहभागीतालाई सुनिश्चित गर्न सन् १९५२ मा महिलाले मत दिने पाउने राजनैतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघद्धारा पारित भयो । त्यस्तै महिलाको नागरिकता परिवर्तन गर्न सम्बन्धमा व्यवस्था गर्न महिलाको नागरिकता अधिकार सम्बन्धी महासन्धी १९५० जारी गरियो । सन् १०६० मा महिला माथि रोजगारी र पेशागत भेदभावलाई उन्मुलन गर्ने सम्बन्धमा अन्तराष्ट्रिय श्रम संगठनद्धारा पेशा र रोजगारीको भेदभाव उन्मुलन सम्बन्धी महासन्धी पारित गरियो । यसको दुइ वर्ष पछि सन् १९६२ मा विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धी पारित भयो । महिला माथि हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्न सम्बन्धमा सन् १९६७ मा अन्तराष्ट्रिय सहमति भयो । महिलाको उत्थान र विकास सम्बन्धमा जोड दिदै संयुक्त राष्ट्रसंघ सन् १९७५ वर्षलाई अन्तराष्ट्रिय महिला वर्षको रुपमा मनाउने घोषणा गऱ्यो । यस परिणाम स्वरुप सन् १९७५ पहिलो पटक मेक्सिकोमा अन्तराष्ट्रिय महिला सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनले समानता विकास र शान्तिलाई मूल नाराको रुपमा पारित गर्दै सन् १९८५को दशकलाई अन्तराष्ट्रिय महिला दशकको रुपमा मनाउने निर्णय समेत गरयो ( भट्टराई, २०६०) ।

संयुक्त राष्ट्रको महासभाद्धारा महिला विरुद्धका सवै भेदभाव निर्मूल गर्ने सम्बन्धमा अन्तराष्ट्रिय सहमति भएको १२ बर्ष पछाडि सन् १९७९ मा महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन महासन्धी पारित भयो । प्रथम पटक अन्तराष्ट्रिय महिला दशक मनाउन निर्णय गरिएको सन् १९७६ देखि १९८५ मध्य अवधिमा कोपनहेमगनमा दोस्रो अन्तराष्ट्रिय महिला सम्मेलन आयोजना गरियो । विकासको निम्ति समाजिक राजनैतिक आर्थिक

लगायतका सर्म्पूण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउने महिला सशक्तिकरणको अभियान पारम्भ गर्न पर्ने कुरालाई जोड दिँदै सन् १९९४ मा इजिप्टको काइरोमा जनसंख्या र विकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनको आयोजना भयो । चीनको बेजिङ्गमा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो । उक्त सम्मेलनमा महिला सशक्तिकरणका लागि लागू गर्नुपर्ने १२ वटा क्षेत्रलाई मुख्य सरोकारको क्षेत्रको रुपमा पहिचान र कार्ययोजना तयार गर्ने र्निर्देशन भयो (जोशी, २०६८) ।

## २.३ महिला अधिकार सम्बन्धी नेपालको प्रयास

नेपालको सन्तुलित विकासमा महिलाको भूमिका महत्वलाई आत्मसाथ गरी नेपाल सरकारले छैटौ योजना महिला विकासका कार्यक्रमहरु तर्जुमा गरियो । ७ औं आयोजनामा महिला विकास नितिहरु छुट्टै उल्लेख गरी नितिगत र कार्यगत प्रयासको थालनी भयो । यसै गरी अन्तराष्ट्रिय महासन्धीहरुको घोषणा पत्र प्रावधान र अन्तराष्ट्रिय महिला सम्बन्धी प्रतिबद्धतालाई दृष्टिगत गर्दै नेपाल अधिराज्यको संविधान विं सं २०४७ मा महिला विकासको लागि विशेष व्यवस्था गर्न सकिने प्रावधान उल्लेख भएको थियो । पैत्रिक सम्पत्तिमा महिलाको केही अधिकार, प्रजनन् स्वास्थ्य, यौन शोषण विरुद्धका अधिकार, विवाह तथा सम्बन्ध विच्छेदमा समान अधिकार दिलाउने समेतका व्यवस्था गर्न र मुलुकी ऐन २०२० मा एघारौ संशोधन भएको छ(जोशी, २०६८) ।

चीनको राजधानी बेइजिङको चौथो विश्व महिला सम्मेलन पनि नेपाली महिलाको निम्ति केही अर्थमा उपलब्धिमूलक रहयो । बौदलिय व्यवस्थापनको आगमन अघि जति पनि अन्तराष्ट्रिय स्तरका सम्मेलनहरु आयोजित हुन्थे । त्यसमा ठूलो ओहोदावालाहरु मात्रभाग लिएर फर्कन्थे ।  यस पटक निकै शक्रिय देखाउदै गैरसरकारी संघ संस्थाहरुको माध्यमबाट केही महिलाहरु पनि बेजिङ पुगे । उनीहरुले सम्मेलनमा भाग पनि लिएर बेजिङ सम्मेलनले नेपाली महिलाहरुलाई यसले केही दिएको छ भने त्यो हो कानुनी अधिकारलाई कानुन रुपमा परत्याभूति गर्नको निम्ति नेपाली महिलाहरु सम्मेलनका दस्तावेजलाई आधार बनाएर लड्न सक्छन् । बहुदलिय व्यवस्था बहाली भएपछिका वर्षहरुमा नेपाली महिलाको आफ्ना हक अधिकारप्रति सचेत देशको प्रत्येक राष्ट्रिय सवाल सहित सरोकार राख्ने नागरिकको रुपमा स्थापित भएको छ । महिलाले जनजागृत सजगकता साथ यी वर्षहरुमा आफ्ना सामुदायिक हितका कुरा उठाए । यसैले केही आशा लाग्दो भविष्यको संकेत छ (इन्सेक १९९६) ।

## सैद्धान्तिक समिक्षा

## २.४ लिङ्ग र सामाजिक लिङ्गको अवधारणा

लैङ्गिक भूमिका भन्नाले सामाजिक परम्परा मूल्यमान्यता अनुसार महिला र पुरुषको काम र सोचाइलाई बुझाउँछ । महिला र पुरुषले समाजको अपेक्षा अनुसार सम्पादन गर्ने उत्तरदायित्व र जिम्मेवारी हो । समाजको अपेक्षा अनुसार महिला पुरुषका लागि विभाजन गरिएको कार्य नै लैङ्गिक श्रम विभाजन हो । विभिन्न श्रोत र साधनमा महिला तथा पुरुषको अधिपत्य तथा नियन्त्रण रहनुलाई लैङ्गिक पहुँच र नियन्त्रण भनिन्छ । महिला र पुरुष बीचमा रहेको सम्बन्धले गर्दा यी दुइले सम्पादन गर्ने कामको मूल्य फरक हुन्छ । शक्तिले लैङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग पुऱ्याउँछ । भाषा, नातेदारी धर्म प्रविधि,जस्तै लैङ्गिक पनि मानव अविष्कारको जविनलाई साँस्कृतिक ढाँचा अनुरुप संगठित गर्दछ लैङ्गिक अध्ययन विभिन्न पूर्वग्रह र दुसग्रहबाट माथि उठेर दिगो र सर्वपक्षिय मानवहित खोज्ने विषय हो । यसको उद्देश्य पितृसत्तात्मक समाजलाई मातृसत्तात्मक राज्य स्थापना गर्न नभई लैङ्गिक रुपमा सन्तुलित सामाजिक संरचनाको स्थापना गर्नु हो । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वभाविकै हो । किनभने संसारका विकसित तथा अविकसित सवै मूलुकका महिलाहरु विभिन्न पक्षबाट भेदभाव असमान परिस्थितिमा शोषणमा  गरिएकाछन् । महिलाको उत्पादन पूनःउत्पादन यौनिकता गतिशिलता श्रोत सम्पति पहुँच आदि सवै पक्षमा पुरुषको नियन्त्रण रहेको छ । महिलालाई सिमित क्षेत्रमा राख्न विभिन्न चाड पर्व उत्सव, जात्राराा, मेला,प्रथा, संस्कारमा महिला भेदभाव गरिएको छ । महिलालाई गहना तथा अन्य मनोरञ्जनका साधनहरुमा सिमित गरी अप्रत्यक्ष रुपमा महिलाको स्वतन्त्रता अस्तित्वलाई नियन्त्रण गरिएको छ (मेहेता १९९६) ।

"

## क) महिलावादमा पहिलो धार

महिलावादी आन्दोलनको क्रमलाई केलाउँदा महिलाको महिलो धारणाको शुरुवात् अमेरिकामा दासत्वको विरुद्ध महिलाद्धारा गरिएको आन्दोलनका साथै एलिजावेथ स्टान्टन र लुर्सिया मटद्धारा न्यूयोर्कमा गरिएको महिला सम्मेलनको महत्वपूर्ण भूमिका खेलेका छन् । महिला आन्दोलनको यो धार महिलनको राजनितिक कानुनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यो आन्दोलनले दासत्वको विरुद्धमा मतदान गर्ने अधिकार महिलाका आधारभूत अधिकार रोजगारी र शिक्षा आदि विषयलाई जोड दिएको पाइन्छ । सन्

१९५३ मा प्रकाशित सिमोन द वोउवारको ”दी सेकेन्ड सेक्स” पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो एकेडेमिक पुस्तक थियो । महिला मक्ति आन्दोलनमा सैदान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रुपमा अगाडि आएको थियो । “स्त्री पैदा हुन्न बरु बनाइन्छ ।” भन्ने धारणका साथ पुस्तक लेखिएको थियो । यो धार सन् १९५० शुरु भएर सन् १९६० को प्रारम्भमा अस्तित्वमा रह्यो (मार्सल, २००४) ।

## ख) महिलावादमा दोस्रो धार

सन् १९६० मा शुरु भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । विभिन्न ठाउँमा महिला संगठनहरु स्थापना भए । त्यसैगरी धेरै जसो समसमायिक नाराविादी सिद्धान्तहरुले सामाजिक साँस्कृतिक पक्ष लगायत महिला असमानता र विकासको व्याख्या गरे । यसरी महिलावादी दोस्रो धारमा महिला विरुद्धको दमन शोषणको अन्तय र महिला स्वतन्त्रतालाई जोड दिएको पाइन्छ । महिलावादको दोस्रोधार सन् १९६० को दशकमा भयो । सन् १९६३ मा वेटी फ्रीडानले ”दी फेमिनीजम मिस्टिक्यू“ पुस्तकमा महिलालाई श्रम विभाजनबाट केवल घरभित्रका कामहरु जिम्मा लगाउने भएकाले घर भित्रको काममा मात्र सिमित भएर बाँधिएको अवस्थामा रहका छ । त्यसैले महिलालाई सार्वजनिक कामको क्षेत्रमा पहुँच दिइएको खण्डमा महिला आफै हरेक कुरामा सक्षम र स्वतन्त्र हुने भनिएको छ । यो दास्रो धारको बलियो पक्ष सावित भयो । जुन कुरा वर्तमान अवस्थामा महिलालाई विभिन्न क्षेत्रहरुमा अवसर दिएर अगाडि बढ्नको लागि सहज भएको छ भने आफ्नो व्यक्तिगत खुबी, ज्ञान, अनुभवहरु पनि बाँडचुँड गरी आफू, आफ्नो परिवार र समाजका अरु संघ-संस्थाहरुमा लागू गरिएको पाइन्छ । जसले गर्दा महिलालाई आत्मनिर्भर बन्दै गएको पाइन्छ (मासेल, २००४) ।

## ग) महिलावादमा तेस्रो धार

महिलावादमा तेस्रो धार १९८० को दशक पछाडि शुरु भएको मानिन्छ । यस धारले महिलामाथि हुने गरेको दमनलाई फरक किसिमले व्याख्या गरेको पाइन्छ । यसले मुख्य त नारी नारीबीचमा हुने फरकपनको विश्लेषण गर्दछ । यो धारले जटिल अवस्थामा रहेका महिलाको समस्या उजागरण गर्ने प्रयत्न गरेको छ । समाजमा वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला महिलाबीच फरक भएको निस्कर्ष निकालेको छ । यो धारले ८० को दशक भन्दा अगाडि महिलाका सम्बन्धमा गरिएका अध्ययन, अनुसन्धान मनगणन्ते र यथार्थ

भन्दा टाढा रहेका भन्दै लैङ्गिक दर्शन र सिद्धान्तहरुलाई तीव्र आलोचना गरेको थियो । नारीवादी तेस्रो धारको शुरुवात् भएपछि महिला आन्दोलन केवल  पश्चिम समाजमा मात्रै सिमित नभई तेस्रो विश्वमा समेत फैलियो । नारीवादी तेस्रो धारको मूल जरा उत्तर आधुनिकवादको हो । उत्तर आधुनिकवादले विविधता र पून:संरचनाको व्याख्या गर्दछ । यस समयमा महिलाहरु सामाजिक, राजनितिक, कानुनी तथा साँस्कृतिक सुधार अन्तर्गत समिटिएका र स्वतन्त्र महिलावादीहरु विभिन्न संघ-संस्था, महिला हकहित, अधिकार स्वतन्त्रताको लागि आन्दोलन छन् (मार्सल, २००४:२३५) ।

यी तीन वटा महिलावादी सिद्धान्तले महिलाहरु सम्बन्धि बिचार, अवधारणा, अनुभवहरु प्रकट गरेका छन् । यी तीनै धारले महिलाहरु स्व:स्फूर्त हुन नसक्नु भनेको परिवार, समाज र राष्ट्रमा चलि आएको विभिन्न परम्परा, रितिरिवाज, शोषण, दमनले महिलाहरु बाँधिएको कारणले महिलाहरुको विकास हुन नसकेको प्रस्ट्याएको छ । जसले गर्दा महिलावादी सिद्धान्त महिला केन्द्रित छन् जसमा निम्न आधार रहेका छन् ।

- सामाजिक विश्वलाई महिलाको फरक दृस्टिबाट हेर्ने प्रयास गर्नु ।
- समाजमा महिलाका अवस्था र अनुभवहरुको अनुसन्धान उद्देश्य र सम्पूर्ण अनुसन्धानहरुको प्रारम्भिक विन्दु महिला नै रहनु ।
- महिलावादी सिद्धान्त महिलाको चुनौती र सक्रियताको प्रतिनिधित्व गर्ने सिद्धान्त जसले महिलाका लागि सुन्दर संसार निर्माण गर्न खोजिरहेको छ ।
- महिलाको अवस्था अनुभव र स्थान पुरुषको भन्दा फरक रहेको छ भन्दै लैङ्गिक विभिन्नताको सिद्धान्तको व्याख्या गर्ने प्रयास गरेको छ ।

यसरी महिलावादी आन्दोलन अगाडि बढ्ने प्रक्रिया विभिन्न धारमा निम्नानुसारका महिलावादी दृष्टिकोणहरु विकास भएको पाइन्छ ।

## उदार महिलावाद

उदारवाद महिलावादले समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिएको छ । महिला तथा पुरुषबीच रहेको लैङ्गिक विभेदयुक्त कार्य विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरुद्धमा स्वतन्त्रताका आवाज उठाउने कार्य उदार महिलावादबाट भएको थियो । लैङ्गिक असमनताका कारण उत्पन्न सवै खाले बन्देजहरुका विरुद्धमा यो महिलावाद खडा भएको देखिन्छ । व्यक्तिगत स्वतन्त्रतालाइ नैसर्गिक स्वतन्त्रता मानिएको छ । प्राकृतिक रुपमा नै महिला र पुरुषमा फरक स्थिति रहेकोले नै सो अनुरुप व्यवहार गर्ने गरिन्छ । जसका कारण बालापनदेखि नै महिलाहरु परनिरर्भर बन्ने प्रक्रिया शुरु हुने भएकाले प्राकृतिक आधारमा रहेको लिङ्गको अवस्थाई आधारित गरेर सामाजिक भूमिका निर्धारण हुने सामाजिक विस्वास र परम्परालाई गलत ठान्दछन् । यसै गरी विवाह परिवार नाता सम्बन्ध, धार्मिक संस्था आदिमा समेत

लैङ्गिक विभेदको स्थिति रहेकोले यसबाट महिलाहरु शक्तिहिन बनेका हुन्छन् । महिलाहरुको स्वतन्त्रता घट्दै र परनिर्भरता बढ्दै जान्छ । यसैले उदार महिलावादले ज्याला अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिँदै नितिगत रुपमा कानुनी सुधार र गलत लैङ्गिक सामाजिकीकणको सच्चाइमा जोड दिएको छ । यसको साथै हरेक पक्षमा महिलालाई स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहुँचमा जोड दिन्छ । वर्तमान सामाजिक संरचनामा नै बसेर महिला मूक्तिको संभावना यस व्याख्याले देख्दछ । समस्टिमा भन्नुपर्दा यो व्याख्या सुधारात्मक छ (रिटजर,१९९६) ।

उदार महिलावादीहरुले महिलालाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरु प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या विश्लेषण गर्दछन् । महिलामा प्रजनन अधिकार, समान शिक्षा, समान काममा ज्याला, समान घरायासी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनिर्तिक अधिकार आदिमा पहुँच हुनुपर्नै व्याख्या गरिएको छ । उदार महिलावादीहरुले महिलाको अवस्था सुधार गर्न कानुनी र साँस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (मेहता, १९९६) ।

## मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फेडरिक एन्गेल्सको कृति "ओरिजन अफ दी फ्यामिली, प्राइभेट प्रोपटी एण्ड दी स्टेट"( १८८४) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदका कारक तत्वहरु र विश्लेषणका तरिकाहरु उल्लेख गरिएको छ । यस महिलवादको मार्क्सवादी धरातलमा टेकेर मार्क्सलाई आलोचना मार्क्सकै धारमै रहेर विश्लेषण गर्दछ । समाजको इतिहास नै भनेको वर्ग संघर्ष हो त भन्ने सवाल गर्दै समाजमा वर्ग-वर्ग बीच मात्र संघर्ष नभएर शोषित र शोषण गर्ने समूहबीच मात्र संघर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ  भन्दछन् । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजमा व्याख्या विश्लेषण गर्न सकिएमा महिला माथि दमन, विभेद असमानता हटाउन सकिन्छ भन्ने कुरामा जोड दिएको छ (मोस्से, १९९३) ।

मार्क्सवादीहरु महिला र पुरुषबीचको सम्बन्ध बैज्ञानिक आधार विश्लेषण गर्दछन् । जसमा महिलाहरुमाथि रहेका सामाजिक आर्थिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्तिमाथिको पहुँच बढी मजबुद पार्नुपर्ने तथ्यलाई जोड दिन्छन् । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरुरी छ । त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक ठान्दछन् । समाजको पूँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई कम वतन कमशल काम लगाएको छ । घरायसी कार्यलाइ उत्पादनशिल कार्यको रुपमा गणना गरिएको छैन । मार्क्सवादीहरु वर्तमान संरचनालाइ सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्दछन्, तर पनि उनीहरु वर्तमान संरचनामा समान ज्याला, काममा समानता न्यायपूर्ण दृस्टिकोण, कार्यको मूल्याँकन व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रिजटर,१९९६) ।

## आमूल महिलावाद

आमूल महिलावादले बच्चा जन्माउने बैकल्पिक बैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिँदै परम्पराबाट रहँदै आएका पारिवारिक स्वरुपलाई चुनौती दिन खोजेका छन् । महिला मुक्तिका लागि क्रान्तिकारी सोंच र संरचना परिवर्तनमा यसले जोड दिन्छन् । कसरी

पितृसत्तात्मक ढाचाबाट महिलाहरुको शोषण भएको छ । यसका कारक तत्व खोज्दै जनचेतना जगाउने, पुरुषसँग निर्भरता घटाउने, महिला प्रतिको सकरात्मक दृष्टिकोणको विकास गर्ने महिलाको नेतृत्वमा रहेर कार्यक्रम सञ्चालन गर्दै घरायसी झन्झटपूर्ण कार्यबाट छुटकार दिँलाउने सवालमा जोड दिन्छ । यसरी आमूल महिलावादीहरुले पितृसत्तालाई महिला विकसको वाधक मान्दछन् । महिला विरुद्धका जतिपनि हिंसाजनक घटनाहरु घट्दछन् त्यसको कारण पितृसत्तातमक परिवारमा पुरुष र पुरुषको प्रभुत्व,नियन्त्रण रहेको हुन्छ । ( रिजटर,१९९६:४६३) आमूद महिलावादको सामाजिक साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी  अब मूल्यानलाई र्निमूल पार्न महिलाको सामाजिक मूल्यको खोज गर्नुपर्ने तथ्यलाई जोड दिन्छ । यो आमूल महिलावादलाई सन् १९६० को दशकको अन्त्य तिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजको प्रत्येक जात, वर्ग संरचना संस्थामा , दमन, विभेद र असमानता रहे पनि लैङ्गिग विभेदको महत्वपूर्ण कारक तब पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरुको रहेको छ । यिनीहरुको अनुसार महिला विभेदको पारम्भिक थलो नै परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस्तै अनुरुप सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ । आमूल महिलावादी सम्प्रदाले विश्वव्यापी रुपमा रहेको विश्वव्यापी रुपमा रहेको पितृसत्तात्मक परिवारमा समाजिक, साँस्कृतिक, आर्थिक, मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरुबाट हुने प्रत्येक विभेद, असमानता, दमन, हिंसा आदि पक्षलाई व्यापक रुपमा उठाएको छ( भासिन, २००३) ।

## सामाजवादी महिलावाद

समाजवादी महिलावादलाई मार्क्सवाद तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिो संश्लेषणको रुपमा लिइन्छ । जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ । मार्क्सवाद अन्तर्गतको वर्ग, दमन र आमूल नारीवाद अन्तर्गत

लैङ्गिक उत्पीडन/दमनलाई संश्लेषणको गरी महिलाले भोग्नुपरेको अधिनता विभिन्न ठाउँ र तथा परिवेशमा के कति समान असमान छ भन्ने मापन गर्न चहान्छ । यसलाई महिलावादी महिलाहरुको दमन र पूँजीवादी पितृसत्ताका नाम संकेत गरेको पाइन्छ । वास्तवमा समाजवादी नारीवादले एवंम लैङ्गिक दमनका विभिन्न स्वरुप विभिन्न वर्गमा

फरक फरक ढङगबाट अन्तर्निहित भएर रहेका हुन्छन् । त्यसैले समाज विभिन्न जातीय, प्रजाती, धर्म, उमेर लिङग यौनिक रुचि विश्वव्यापी रहेको छ यसलाई विश्लेषण गर्नुपर्दछ ( रीटजर,१९९६:४६७) ।

यस समाजवादी महिलावाद सम्प्रदायले समाजमा रहेका सवै प्रकारका अन्यायको खारेजलाई जोड दिन्छ । सवै प्रकारका दमन र अत्यचारका विरुद्धका संघर्षलाइ जोड दिन्छ । जसमा वर्जुवा परिवारको परिवारको पूनसंरचना गरी घरायासी दासताबाट महिलाको मुक्तिलाई निकै महत्वका साथ उठाएको छ । यिनीहरु सवै प्रकारका विभेदको अन्तयका लागि राज्य नियन्त्रित राजनैतिक अर्थव्यवस्थाको आवश्यकता ठान्दछन् । समाजमा नारीवादको सम्बन्ध वा सरोकारको विषय नारी एवंम पुरुष दवै द्धारा गरिएको सवै प्रकारको उत्पीडीन अनुभवसँग देखिन्छ । यिनीहरुको एउटी नारी जो स्वय उत्पीडित भएको छन् । अर्को नारीको उत्पीडन कस्तो प्रकारले भागीदार हुन्छिन् भन्ने कुरा जान्ने प्रयास गर्दछन् । उदाहरणका लागि कसरी एउटी नारी जो दाइजोको कारणले उत्पिडित हुँदै सासुको अवस्थामा आइपुग्दा कुन प्रकारले आफ्नी बुहारीलाइ दाइजो ल्याउनका लागि वा नल्याोगएको कारण देखाउदै उत्पिडित गर्नमा सहयोग गर्दछिन् । यसरी समाजवादी नारीवादका पक्षहरुले कसरी नारीहरुले आफ्नो दमित एवंम उत्पिडित गर्दछन् भन्ने तथ्यको खोजी गर्दछन् । अतः समाजवादी नारीवाद स्त्रीहरुका प्रति पाइने वा देखिने पूर्वाहग्रहहरु र दमनकारी रितिरिवाज एवंम प्रथाहरुसँग मुकाविला गर्ने पक्षका देखिन्छन्र (थापा,१९८५) ।

यसप्रकारको समाजवादी महिलाहरुको समाजमा पाइने विस्तृत स्तरको प्रभुत्व वा अधिपत्यको अध्ययन गर्दछन् र त्यसमा निहित रहेका उत्पिडत एवंम दमित व्यक्तिहरुको अनुभवलाई खोज्दछ । समाजवादी नारीवादीले साना ठूला सवै प्रकारका उत्पिडित एवंम दमित समूहलाई शोषणबाट मुक्ति दिलाउनमा रुचि राखेको देखिन्छ । यिनीहरुले दमनका विभिन्न रुपहरुको विरुद्धमा आन्दोलन हुनुपर्दछ भन्ने मान्यता राखेको देखिन्छ । समाजमा नारी पुरुषको समान भूमिका हुनुपर्दछ । अतः नारी पुरुषको सहमतिद्धारा नै नयाँ समाजको सृजना गर्न सकिन्छ, नारीहरुसँगको सहमतिद्धारा नै विभिन्न वर्गहरुकोज अन्त्य हुन सक्दछ । यस वादले पितृसत्ता र यसका कार्यहरुको विश्लेषण गर्ने गर्दछ । पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो र निजी स्वामित्वको उत्पति हुनुभन्दा पहिले नै अस्तित्वमा आएको हो । निजि सम्पत्तिको अन्त्य सँगै पितृसत्ता अन्त्य हुन्छ भन्ने कुरामा सहमति राख्दैनन् तर महिला विकास एवम् सशक्तिकरण बाधक तत्वका रुपमा पितृसत्तात्मक संरचनाको विशेष भूमिका

खेलेको मान्दछन् । जसलाई महिला माथिका दमनका विभिन्न रुपहरु जस्तै वर्ग, जाती महिलाद्वारा महिलामाथि हुने दमनका बारेमा व्याख्या गर्न नसकेको भन्ने आरोपबाटसमाजवादी महिलावादीहरु बच्न भने सकेका छैनन् (भण्डारी, २०६०:१७९) ।

यसरी विभिन्न नारीवादी सिद्धान्तहरुले नारीवादी चिन्तनकोविविधतालाई प्रस्ट देखाउँछन् । महिलाहरु शोषित छन् र दृढताका साथ यस शोषणलाई समाप्त गर्नुपर्दछ भन्ने कुरामा मात्रै नारीवादी सहमति छ भन्ने पनि हुन्छ । नारीवादीको ऐतिहासिक विकासमा तीनवटा साझा तत्वहरुलाई ध्यान दिनु जरुरी छ । एक उद्धारवाद नारीवाददेखिमार्क्सवाद नारीवाद हुँदै उत्तर आधुनिक नारीवादसम्मका विचारहरु सामन्यतया पश्चिमी बौद्धिक क्षेत्रमा निर्मित सिद्धान्तहरुलाई महिला सवालहरुमा लागू गर्ने क्रममा नारीवादी सिद्धान्तहरु सिर्जना भएको देखिन्छ । दुई नारी आन्दोलनहरुका बीचबाट जन्मिने प्रकृति देखिन्छ । तीनलाई समग्रमा भन्दा नारीवादी सिद्धान्तहरुले खास वर्ग र कहिले खास जातीका महिलाहके स्वार्थहरु र दृष्टिकोणलाई अभिव्यक्त गरेका छन् (तामाङ्ग,२००४) ।

## २.५ नेपालमा नारीवादी

सक्रियकर्मीहरु मध्येकी डा. मीना आचार्यले नेपालको महिला आन्दोलनलाई यी चार अवधिहरुमा बाँढेकी छिन ।सन् १९९० पछिका समयविधिहरु पहिलो अवधि भित्र १९६७ मा स्थापित महिला आर्दश महिला सिमित तथा सन् १९४७ नेपाल संहिता संघकोस्थापना पर्दछ । यस पारम्भिक महिला संगठनहरुले महिलाहरुको उत्थान काम गर्नको साथै राणाहरुको एकाधिकार शाषन खतम गर्ने प्रत्यक्ष राजनैतिक क्रियाकलापहरुमा पनि भाग लिएका थिए ।राणा शाषनको अन्त्य पछि सन् १९५० देखि १९६० को अवधिमा नेपालको पहिलो संसदमा महिलाहरु निर्वाचित गरिनुपर्दछ भन्ने जस्ता सवालहरुक आधारमा राजनैतिकपार्टीहरुसँग सम्बन्धित महिला संगठन स्थापना भए । -तेस्रो अवधिमा चााहि राजनितिक पार्टीहरुमा बन्देज लगाउने कार्य समेत गरी राजाले प्रजातान्त्रिक, संरचनाहरु भत्काए पछि दमनकारी पञ्चायती शाषन अन्तरगत स्वतन्त्र सक्रियतामा कमि आयो । पञ्चायती वर्गी संगठन रुपमा यस अवधिमा पञ्चायती सरकारले नै नेपाल महिला संगठन खडा गरयो र खास गरी सन् १९७५ संयुक्त राष्ट्रसंघले नै अन्तराष्ट्रिय महिला वर्ष भनेर घोषणा गरेपछि विभिन्न कामहरुको शुरु भयो । (Internatinal women year commitment 1976 Nepal country paper 1977)अन्तिम अवधि अर्थात् सन् १९९० को जनआन्दोलन अवधिमा महिलाहरुको

सक्रियता बृद्धि भएको कुरा चलनचल्तीमा स्वीकारेको छ । हरेक अवधिमा बेग्लाबेग्लै सामाजिक राजनैतिक व्यवस्था थिए । त्यो स्वरुप बेग्ला बेग्लै प्रकारका महिला सक्रियताहरु रहेका थिए । तै पनि ती वर्गीकरणले पञ्चायती अवधिमा कार्य भएका अनेकौ प्रवितिहरुलाई ओझेलमा पार्दछन् । यी प्रविधिहरुको निरन्तरताले नै आचार्यले उल्लेख गरेका नेपालका नारीवादी आन्दोलन नभइ विभिन्न महिलाहरुको समूहले एउटा आंशिक सवाललाई मात्र उठाएका थिए भन्ने धारणाको उल्लेख गरेका छन् । त्यसैगरी नारीवादी आन्दोलनको अभिन्न हिस्साको कार्यभारको राजनितिक सक्रियता शुरु हुन अझै बाँकी रहेको छ भन्ने कुरा स्पष्ट पार्दछन् । यस तथ्यलाई बुझ्नको लागि विकासमा महिलाहरु (women in development or win)भन्ने कार्यक्रमहरुलाई पञ्चायती शाषनको राष्ट्रवादी राजनितिक र अन्तराष्ट्रिय विकास आयोजनाहरु गाउँका सभामा मान्यपुज्ने हुन्छन् । साथै महिला विकासका मामिलामा कसले कुन अवधारणा फेरिरहन्छ ती अवधारणा कसले किन कति उपयोगी जस्ता लागेका छन् भन्ने कुरा पनि बुझ्नुपर्ने हुन्छ । यसका साथ साथै बिचारहरु तथा सिद्धान्तहरुको शुरुका उद्देश्यहरु व्यक्ति र शक्तिहरुले आफ्नो स्वार्थ अनुरुप प्रयोग गर्दा कसरी ती सिद्धान्तहरुले राजनितिक उपयोगिता गुसाउन सक्छन् । भन्ने कुरा पनि बुझ्नु आवश्यक हुन्छ (जोशी २०६८) ।

## २.६.लैङ्गिक विकासका रणनितिहरु

समाजमा रहेका विभेदयुक्त सामाजिक भूमिकाका कारण महिलाहरु विकास प्रक्रियामा समावेश हुन सकेका छैनन् । यसैकारणले गर्दा महिलाहरु सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक क्षेत्रमा पिछडिएको देखिन्छ । विकसित तथा विकासन्मुख देशहरुमा विकासको लागि विभिन्न रणनितिहरु बनाई महिलाहरुलाई अगाडि बढाउन जमर्को गरिएको छ । सोचे जस्तो परणाम आउन नसकेको तथा समग्रमा विकासको लक्ष्य प्राप्त गर्न नसकेको अवस्था छ । सफलता हासिल गर्न नसकिएको कारण समाजिक लिङ्गलाई विकासको मुद्राको रुपमा लिइएको छ । लैङ्गिक विकासलाई जोड दिँदै स्रोत तथा अवसरहरुतर्फ महिलाको पहुँच बढाउने, सम्पत्तिको अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेखिय भूमिकाकामा पनि लैङ्गिक विकास जोड दिएको छ । सन् १९५० पछि अगाडि सारिएको आधुनिककरणको सिद्धान्त अनुसार पूनःनिर्माण औद्योगिक करणको सिद्धान्त, योजना र आर्थिकत्व, प्राविधिक सहयोगका महत्वलाई जोड

दिइएको पाइन्छ । (आचार्य,२०७१) विकासमा महिलाको भूमिका अथवा विकासमा कसरी महिलाहरुको पनि पहुँच बढाउन सकिन्छ भनेर विभिन्न अवधारणाहरुलागू गरिएको छ ।

**क.विकासमा महिला अवधारण**(WID)

विकासको प्रक्रियामा महिलाको समान सहभागिता बढाउन सकेको खण्डमा लैङ्गिक असमानता स्वतः समाप्त भएर जान्छ भन्ने मान्यता सन् १९७० अघि अमेरिकी उदारवादी महिलावादीले अघि सारेको अवधारणा हो । विकासको मूल प्रवाहबाट महिला वन्चित भएको महिला हक र अधिकारहरु कन्ठित भएका तथा महिला स्वतन्त्रता सवालमा वाधा उत्पन्न गराइएको जस्ता पक्षलाई बढी महत्व दिइ कानुनी तथा प्रशासनिक कार्यमा सुधारको सन्दर्भलाई बढी जोड दिइएको पाइन्छ । अर्कातिर सन् १९५० पछि अघि सारिएको विकासका कार्यक्रमहरुले महिलाहरुप्रति सकरात्मक प्रभाव पार्न नसकी झन् कार्य बोझ थपिएको औलाइएको थियो । सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको खरो योगदानलाई अस्विकार गरे पनि ७० को दशकसँगै विकास प्रक्रियामा महिलाको समानुपातिक सहभागिता र विकास हुनुपर्ने दारो आवाज उठ्यो । सन् १९७० मा इस्टर बोसखको आर्थिक *"विकासमा महिलाको भूमिका"* पुस्तक प्रकाशन भएपछि महिलाको भूमिकालाई मूल्याँकन गरियो । खास गरी १९५० पछाडि आधुनिकरणको सिद्धान्तले विकासमा विभेद र असमनताहरु बढ्दै गएको पाइयो । विकासको प्रक्रिया माथिबाट ताल जाने रणनिति अपनाइएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्दछ भन्ने कुरालाई जोड दिइयो (मोस्से,१९९३) ।

यसमा महिलाको भूमिकालाई कायम राख्नको लागि उनीहरुलाई पूनः उत्पाद क्षेत्रमा समाबेश गर्नुपर्दछ । उत्पादन क्षेत्र भनेका बजार, श्रमशक्ति, आम्दानी, सृजनाका क्षेत्र हुन् । यस्ता क्षेत्रमा महिला सहभागीतालाई उच्च प्राथमिकता दिदै उत्पादन र पूनःउत्पादन सम्बन्धनमा देखिएका विभाजनलाई हटाउनलाई यसको अवधारणात्मक पक्ष हो । महिलालाई विकासको मूल प्रभावहरुमा ल्याउन निम्न पक्षमा जोड दिनुपर्ने मान्यता राख्दछ । कानुनी समानता,रोजगारमिा पहुँच,शिक्षा र स्वास्थ्यमा अवसर, सम्पत्तिमा पहुँच, उपयुक्त प्रविधि आदि । यसरी वीड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्याँकन गर्दै घरायसी क्षेत्रबाट उत्पादन क्षेत्र जान प्रेरित गरेको पाइन्छ ।

### ख) महिला र विकास अवधारणा (WAD)

महिला र विकास अवधारणा अन्तर्गत विकासमा महिला भन्ने वीडको अवधारणाले वास्ताविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरुलाई सहभागीता गराउन नसकेको आलोचना गर्दै सन् १९७० मा महिला र विकास नामक अवधारण देखा पर्‍यो । विकासको प्रत्येक तह र प्रक्रियामा पुरुष र महिलाको समान सहभागिता अभिवृद्धि गर्न सकेमा लैङ्गिक विभेद हट्ने तथ्यममा जोड दिइयो । विभिन्न नीति तथा कार्यक्रमहरुमा विकास भए, जसमा महिलाहरुलाई समान अवसर पहुँच सहभागीता तथा समानता दिलाउने तर्फ ठोस कार्यक्रमको तर्जुमा गर्न जोड दिइयो । वाड अवधारणले समाजमा पुरुष र महिलाबीचमा शोषित र शोषक पीडित र पीडकको सम्बन्ध कायम रहेको छ । जाती वर्ग स्थान र समाज अनुसार सम्बन्ध पनि फरक रहेको छ । विकास प्रक्रियामा महिलाहरु सहभागी हुदै आए पनि पुरुषले महिलाको यौनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण महिलाहरु विभिन्न किसिमका हिंसाहरु, बालविवाह, बोक्सीको आरोप, दाइजो ल्याउनुपर्ने, कुटपिट, यौन हिंसा, बेचबिखन, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा शारीरिक तथा मानसिक यातना पारिरहेका छन् । महिला विरुद्ध हुने सवै हिंसाहरुको अन्त्य हुनुपर्दछ । महिलाको सवै किसिमका भूमिकाहरुको पहिचान गरी सम्पत्तिमा महिलाको पहुँच वितरण हुनुपर्ने यस सिद्धान्तले जोड दिएको छ(उप्रेती, १९८९) ।

### ग) जेन्डर र विकास अवधारणा(GAD)

यी माथिका दुइ वटा विकासमा महिला र महिला र विकासमाअवधारणले महिलाको खासै अवस्थालाई सुधारेर विकास नगरेको हुनाले विकासमा महिलालाई समेटेर तथा महिला र विकास प्रक्रियाबीचको सम्बन्धलाई व्यवस्थित गरेर मात्र साँचो अर्थमा विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सँगसँगै सहभागीता गराउनुपर्ने कुरामा जोड दिँदै सन् १९८० को दशकमा पछाडि जेण्डर विकासको अवधारणको विकास भयो । यो सामाजवादी महिलावादबाट प्रभावित भएको छ । महिला र पुरुषको समानतामूलक विकासका लागि यो अवधारणा अरु अवधारण भन्दा बढी व्यवहारिक सान्दर्भिक रहेको छ ।

महिला पुरुष कसैप्रति पनि पक्षपात नगरी समानताको स्थितिमा पुर्‍याउनुपर्दछ । महिला र पुरुषले पारिवारिक तथा सामुदायिक दुवै क्षेत्रका तनाव, समस्या अवसर समान रुपले वितरण गर्नुपर्दछ । समझदारीमा महिला पुरुष दुवै पारिवारिक क्षेत्रबाट माथि उठेर

दिगो समतामूलक सहभागीतामूलक विकासलाई यस उपागमले जोड दिएको छ (उप्रेती, १९८९) ।

यी माथिका अवधारणाहरुमा महिलालाई कसरी आर्थिक, सामाजिक र राजनितिक क्षेत्रमा सहभागी गराई तिनीहरुको विकासमा गराउन सकिन्छ भन्ने कुरामा चासो दिएको पाइन्छ । यी तिनै वटा अवधारणालाई विश्लेषण गर्दा महिलाहरुलाई घरायसी बन्धन नराखी तिनीहरुलाई स्वतन्त्रता र समान अवसरहरु परिवार समाज र राज्यले दिनुपर्दर्छ । ताकि महिलाहरुले पनि पुरुषसँग मिलेर एक साथ मिलेर विकासका कार्य गर्न सक्छन् । विकासका कार्यमा दुवैको सहभागीता हुनुपर्नेछ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

दाइजो प्रथा वर्तमान समयमा जटिल र संवेदनशिल विषय बन्दै गएको छ ।विवाहको अवसरमा केटी पक्षबाट दाइजो दिने र केटा पक्षबाट दाइजो लिने चलन परापूर्वकाल देखि नै चल्दै आएको हो । वर्तमान समयको शिक्षित समाजमा पनि यो प्रथाले झन् बढुवा पाउँदै छ । दाइजो प्रथाको कारणले नै केटी र केटीको अभिभावकलाई मनोवैज्ञानिक असर भइरहेको पाइन्छ । विवाह पश्चात पनि दाइजोको कारणले महिलाले विभिन्न किसिमका घरेलु हिंसा, शारिरीक यातना तथा मानसिक हिंसा सहन वाध्य बनाइएको छ । पोखरा महानगरपालिका वडा नं १४ खाल्टेमसिनामा बसोबास गर्ने समुदायमापनिदाइजोको आदनप्रदानको प्रचलन रहेको पाइन्छ । समयसँगसँगै यस प्रथामा कस्तो खालको परिवर्तनहरु देखा पर्दै गएका छन् । यहाँ विवाह गरेर आउनु भएका महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो रहेको छ । दाइजो सम्बन्धी यस क्षेत्रको अध्ययन नभएको कारणले यस क्षेत्रलाई अध्ययनको रुपमा छनौट गरिएको छ ।

## ३.२अनुसन्धानको ढाँचा

यस अनुसन्धानमा उद्देश्यको आधारमा वर्णात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ ।

## ३.३समग्र तथा नमूना छनौट

अध्ययनका लागि पोखरा महानगरपालिका वडा नं १४ खाल्टेमसिना टोलमा बसोबास गर्ने २७६ घरधुरी छ भने जनसंख्या १३८० (महिला ८२८, पुरुष ५५२) जना छन् । जातीगत रुपमा हेर्ने हो भने क्षेत्री ९२, ब्राहमण ६६, गुरुङ्ग ८१, मगर २१, नेवार ७ र दलित १० जनाको घरधुरीको संख्या रहेको छ । यही २७६ घरधुरी रहेका छन् । जसमा विवाहित बुहारीहरुको संख्या ७४ जना रहेको छ । यिनै विवाहित बुहारीहरु जसमा १५ देखी४० वर्ष उमेर सम्मका बुहारीहरुको सामाजिक, आर्थिक र दैनिक जीवन यापन सम्बन्धी अवस्थालाई समेटिएको छ । यिनै ७४ विवाहित महिलाहरु नै उत्तरदाताका रुपमा लिइ

तथ्याँङ्क संकलन गरिएको छ । आवश्यक ठानिएको ५जना महिलाहरुको वैयक्तिक अध्ययन गरिएको छ । जसमा दाइजो सम्बन्धी बिचार भोगाईलाई प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्यांकको श्रोत र प्रकृति

अध्ययन अनुसन्धानको लागि भएका तथ्याँक संकलन गर्दा प्राथमिक श्रोत तथा द्धितिय श्रोतबाट तथ्याँक संकलन गरिएको छ । प्राथमिक श्रोत अन्तर्गत अध्ययन क्षेत्रमा भएका उत्तरदाता, र वैयक्तिक सदस्यहरुको अन्तरर्वाता संकलन गरिएको छ । द्धितिय श्रोत अन्तर्गत विभिन्न पत्र पत्रिका, अभिलेख, प्रतिवेदन, पत्रपत्रिका, पुस्तक, आधिकारीक प्रकाशन, विभिन्न संघ-संस्थाबाट प्रकाशित लेख आदि लिइएको छ ।

## ३.५ तथ्यांकन संकलनको विधि

यस अध्ययनको लागि तथ्यांङ्क संकलन गर्न विभिन्न विधिहरु अवलम्बन गरिएको छ । प्राथमिक तथ्यांङ्क संकलन गर्न घटना अध्ययन, अन्तर्वाता र अवलोकन आदि विधिको प्रयोग गरिएको छ । अनुसन्धानको सही परिणाम निकाल्न तथ्य र विश्वासनिय तथ्याँङ्क तथा सूचना संकलनमा विशेष जोड दिइएको छ ।

### क)अन्तरर्वाता अनुसूचि

दाइजो प्रथाले समाजमा पारेको प्रभाव, त्यसको कारण, आएको परिवर्तन र न्यूनिकरण गरिएको उपायहरु बुझ्नको लागि सम्बन्धित विषय व्यवस्थामा आधारित रहीउत्तरदाताहरुसँग अनुसुची प्रयोग गरी अन्तरर्वाता विधिबाट तथ्याँङ्ग संकलन गरिएको छ ।

### ख) वैयक्तिक अध्ययन

यस तथ्याङ्क संकलनका लागि छानिएका घरधुरीका महिलाको विवाह भएको समयदेखि वर्तमान समयसम्मको दाइजो सम्बन्धीबारे अध्ययन गर्नको लागि ५ जनाका महिलाको वैयक्तिक अध्ययन गरिएको छ ।

### ग) तथ्याङ्क विश्लेषण प्रस्तुतिकरण

अनुसन्धानको आवकता अनुसार सख्यात्मक र गुणात्मक दुवैखालको तथ्याँकलाई प्रस्तुत गरिएको छ । जसमा संख्यात्मक तथ्याङ्कलाई साधरण तालिका र प्रतिशतको रुपमा प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई वर्णात्मक तरिकाबाट विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक, आर्थिक र जनसाङखीय विवरण

यस अध्यायमा अनुसन्धानको अध्ययन क्षेत्रको सामाजिक आर्थिक र जनसंख्याको व्याख्या गरिएको छ । यो अध्ययन महिलाहरुले विवाहमा ल्याउने दाइजो सम्बन्धीको अध्ययन भएको कारणले यसमा महिलाको समाजिक, आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिका राजधानी काठमाडौदेखि २०० किलोमिटर पश्चिममा रहेको छ ।यस महानगरपालिकामा जम्मा ३३ वटा वडा रहेका छन् । जस मध्ये वडा नं १४, खाल्टेमसिना टोल रहेको छ । यसकोपूर्वपट्टि गोर्खाभिलेज नाम गरेको पर्यटकीय क्षेत्र रहेको छ । जहाँ देश विदेशबाट यस क्षेत्रमा मनोरञ्जनका लागि पर्यटनहरु आउँदछन् । विशेष गरी गल्फ खेलको लागि मानिसहरु आउने गर्दछन् । यस क्षेत्रको उत्तरतिर भेडीफारम नाम गरेको क्षेत्र रहेको छ । जुन पशु सम्बन्धी फारम रहेको छ । यहाँ नेपालको विभिन्न ठाउँहरुबाँट विद्यालय, सहकारी, कृषकहरु भ्रमणको लागि आउने गर्दछन् । पशुपालन सम्बन्धीको जानकारी लिन र फारम हेर्न आउँदछन् । खाल्टेमसिना समथर जमिन रहेको छ । अधिकांश मानिसहरुको पेशा खेती रहेको छ । साथै विदेशमा रोजगारको लागि जाने गरेका छन् । यस ठाउँमा यातायातको राम्रो व्यवस्था रहेको छ । यस ठाउँबाट चारैतिर डाँडापाखा र हिमालहरुको रमणीय दृष्यहरु देख्न सकिन्छ । यस क्षेत्रमा निजि र सरकारी सकूलहरु पनि रहेका छन् । यहाँ आमा समूह, युवा क्लबहरु, सहकारी आदि संस्थाहरु रहेका छन् । जसले समुदायमा भौतिक तथा आर्थिक विकासका कार्यहरुमा सक्रिय भूमिका खेलेको पाइन्छ ।

यहाँ बसोबास गर्नेहरु ब्रहमण, क्षेत्री, गुरुङ्ग, दलित, नेवार, मगर जाती रहेका छन् । साथै हिन्दु, क्रिस्चियन, बुद्धिष्ट धर्म मान्नेहरुको बाहुल्यता रहेको छ । विशेष गरी हिन्दु धर्ममान्नेहरुको बाहुल्यता बढी रहेको छ । यस अध्ययनमा विवाहित महिलाहरुप्रति रहेको

व्यवहार, तिनीहरुको अवस्था, दाइजो सम्बन्धी तिनीहरुको धारणा र यसको प्रभाव कस्तो रहेको छ भन्ने अध्ययन गरिएको छ ।

## ४.२ खाल्टेमसिनाको सामाजिक संरचना

सामाज व्यक्ति परिवार मिलेर बनेको हुन्छ । कुनै पनि व्यक्ति वा परिवार समाज विना बाँच्नै सक्दैन । व्यक्ति परिवारको आवश्यकता समाजबाट नै प्राप्त हुन्छ । त्यसैकारण विवाह पनि समाज भित्र नै हुन्छ । जहाँ आ-आफ्नै मूल्यमान्यतामा रहेर विवाह गरेका हुन्छन् । आफ्नो  जात, धर्मको रितिरिवाज सुँस्कृति परम्परा अनुसार एउटा केटा र केटीको बीच वैवाहिक सम्बन्धमा बाँधिन्छन् । जसबाट परिवारको स्थापना हुन्छ । र विभिन्न नातेदारहरु निर्माण हुन जान्छ । एक अर्कामा आवश्यकताहरु पूरा हुन जान्छ । परिवारको संरचना लागि आधारभूत आवश्यककता आर्थिक, साँस्कृतिक, राजनितिक र धार्मिक संस्थाहरु सक्रिय हुन पुग्दछ । परिवार परिवारको स्थापनाले नै समाज र देशको आर्थिक, साँस्कृतिक, शारिरीक मनोवैज्ञानिक आवश्यकता पूरा हुदछ । विवाहप्रति मानिसहरुको आ-आफ्नै विचार र मूल्यमान्यता फरक फरक हुन्छ तर सवै उद्देश्य भनेकोपरिवार स्थापना गर्नुनै हो ।

यस क्षेत्रको परिवेशलाई हेर्दा धेरै जसो मागी विवाह भएको पाइन्छ । साथै केटा र केटीको एक अर्कालाई प्रेम हुँदा घर परिवारले पनि सहमति दिएर आफ्नो रितिरिवाज अनुसार विवाह भएको पाइन्छ । अन्तरजातीय विवाहलाई समाजले थोरै मात्र स्वीकार गरेको छ । भने हिन्दु धर्मलम्बीहरुको दिदिबहिनीहरुको चाड तीजमा दर खाने दिनमा यस समाजका दाजुभईहरुले दर पकाएर नाच गान गरेर सहयोग गर्नै गर्दछन् । महिलाहरुले तजिमा पतिको लामो आयुको लागि व्रत बस्ने गरेका छन् । र सवै जातका महिलाहरु एउटै भान्सा भएर खाने गर्दछन् । कसैको घरमा मृत्यू भएमा भेटी लिएर जाने सँस्कृति रहेको छ । जहाँ सवै धर्म मान्नेहरुले एकले अर्कोलाई सम्मान गरेको पाइन्छ ।

यस क्षेत्रमा एक पतिको पत्नीको मृत्यू भएका उसले पूर्नविवाह गर्ने गरेको पाइन्छ । त्यसलाई समाजले सहजै स्वीकर गर्नै गरेको पाइन्छ । तर महिलाको पतिको मृत्यू भएपछि पनि पूर्नविवाह गर्न समाजले सम्मान रुपले स्वीकार गरेको पाइदैन । छोरीलाई घरको काम धन्दा र खेतीपातीमा लगाइएको पाइयो भने पनि छोरालाई निजि  विद्यालयमा भर्ना गरेका छन् । यस क्षेत्रमा घरायसी निर्णयहरुमा पुरुषको भूमिका बढी रहेको छ । छोरी भन्दा छोराको चाख बढी रहेको छ । जसले गर्दा महिला गर्भवती अवस्थामा हुँदा भ्रूण परिक्षण गरी

जन्म दिने गर्ने गर्दछन् । विवाहमा महिलाको उमेर १५ देखि २० बर्षबाट गरेको पाइन्छ । यदि केटीले म पढ्छु अहिले विवाह गर्दिन भन्दा पनि परिवारले विवाह गरेर पतिको घरमै पढने हुन्छ भनेर विवाह गर्दिने गरेको पाइन्छ । यस क्षेत्र महिलाहरुले आफ्नो आर्थिक स्थिति बलियो बनाउनको लागि  योग्यता अनुसारको व्यवसाय गर्ने, रोजगारी गरी आय-आर्जन गर्ने गरेका छन् ।

## ४.३ उत्तरदाताको सामाजिक आर्थिक र जनसाङख्यिक विवरण

यस अध्ययनमा अध्ययन क्षेत्रको सामाजिक आर्थिक जनसाङख्यिक अवस्थाकोबारेमा व्याख्या गरिएको छ । साथै यस क्षेत्रको महिलाहरुको आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

### ४.३.१ उमेरको आधारमा उत्तरदाताको विवरण

एक जना व्यक्ति ऊ जन्मेको दिनदेखि जुन दिनसम्म बाँचेको ह्नुन्छ त्यसैलाई उक्त व्यक्तिको उमेर भनिन्छ । उमेरलाई बालक, युवा, प्रौढ र बृद्ध गरी विभाजन गर्ने गरिन्छ । उमेर अनुसार नै मानिसले आफ्नो जिम्मेवारी तयार गर्दछ । यसै अनुरुपले मानिस व्यवहार सोंचाई शारिरिक वनावटमा फरक पन आउँछ । त्यसैले यस अध्ययनमा विवाहित बुहारीहरुको १५ बर्षदेखि ४० बर्षसम्मका महिलाहरुलाई लिइएको छ । उमेरको आधारमा ५ भागमा विभाजन गरिएको छ । उत्तरदाताको उमेरको आधारमा तल विवरण दिइएको छ ।

**तालिका नं.४.१ उत्तरदाताको उमेर सङख्याको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १५-२० वर्षसम्म | ८ | ११ |
| २०-२५ वर्षसम्म | १९ | २५.५ |
| २५-३० वर्षसम्म | २२ | ३० |
| ३०-३५ वर्षसम्म | १८ | २४ |
| ३५-४० वर्षसम्म | ७ | ९.५ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।**

माथि उल्लेखित तालिका अनुसार विवाहित उत्तरदाताहरुको उमेर समूहहरु १५ देखि ४० वर्षसम्मको महिलाहरुमा मात्र सीमित्ता दिइएको छ । माथिको तालिका नं ४.१ मा १५ देखि २० वर्षसम्म उमेर समूहका ८ जना अर्थात् ११ प्रतिशत, २० देखि २५ वर्षसम्म उमेर समूहका १९ जना अर्थात् २५.५ प्रतिशत, २५ देखि ३० वर्षसम्म उमेर समूहका २२ जना अर्थात् ३० प्रपतशत, ३० देखि ३५ वर्षसम्म उमेर समूहका १८ अर्थात् २४ प्रतिशत, र ३५ देखि ४० वर्षसम्म उमेर समूहका ७ जना अर्थात् ९.५ प्रतिशत महिलाहरु रहेका छन् ।

### ४.३.२. जातीय विवरण

समाज विभिन्न जातजातीहरुका बस्ने थलो हो । भन्नु पर्दा नेपाल विभिन्न जातको साझा देश हो । नेपाल एक हिन्दु धर्म मान्नेहरुको बहुल्यता भएको कारणले चर्तुवर्नाशरम अनुसार ४ भागमा जातको विभाजन गरिएको छ । जस्तै ब्राहमण, क्षेत्रीय, बैश्य र शुद्र, बि.सं २०६८ मा भएको नेपालको जनगणना अनुसार१२६ जातका मानिसहरु रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि विभिन्न जातहरुको बसोबास रहेको छ । कुनै जातीय संख्यामा सिमित नभई सवै जातमा आधारित भई १५ वर्षदेखि ४० वर्षका विवाहित बुहारीहरुको उत्तरदाताहरुको जातीय संख्या प्राप्त गर्न खोजिएको छ । जसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२ उत्तरदाताको जातीय सङख्याको विवरण**

| **जाती** | **सख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राहमण | २० | २७ |
| क्षेत्री | २४ | ३२.५ |
| जनजाती | १८ | २४.५ |
| दलित | १२ | १६ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरुसँग जातीय सम्बन्धी उत्तर लिने क्रममा यस क्षेत्रमा सवै भन्दा धेरै २४ जना विवाहित वुहारी अन्तर्गत क्षेत्री जातीका महिलाहरु रहेका छन् अर्थात् ३२.५ प्रतिशत क्षेत्री जाती विवाह गरेर आएका बुहारी महिलाहरु रहेका छन् ।

### ४.३.३ शिक्षा

नेपालको कास्की जिल्ला २०७१ सालमा पूर्ण साक्षर जिल्लाको रुपमा घोषित भइसकेको छ । शिक्षाबाटै मानिसको व्यवहारहरु  र आर्थिक उन्नतिमा बदलावा ल्याउछ । यस अध्ययन क्षेत्रमा सर्वेक्षणका लागि लिइएको उत्तरदाताहरुको शिक्षा स्थिति कस्तो रहेको छ भन्ने कुरा थाहा पाउन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३ उत्तरदाताको शैक्षिक स्थितिको विवरण**

| शैक्षिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ३ | ४.५ |
| १-५ कक्षासम्म | ९ | १२ |
| ५-९ कक्षासम्म | १३ | १७.५ |
| एस.एल.सी | १९ | २५.५ |
| +२ कक्षासम्म | २३ | ३१ |
| स्नातक | ४ | ५ |
| स्नातकोत्तर | ३ | ४.५ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

यस क्षेत्रमा भएका उत्तरदाताहरु महिलाहरुको शैक्षिक स्थिति राम्रो देखिएको छ । जसमा उहाँहरु बैंक भौचरहरु भर्न सक्ने, हस्ताक्षर गर्न सक्ने, आफ्ना बालबच्चाहरुलाई प्राथमिकत तह सम्म अध्ययनमा लागेकाहरुलाई घरमा गृहकार्य गर्नमा सिकाउन सक्ने हुनुहुन्छ ।

पत्रपत्रिका पढ्न सक्ने हुनुहुन्छ । जसमा अध्ययन क्षेत्रमा भएका उत्तरदाताहरुले दिनुभएको उत्तर अनुसार निरक्षर ३ जना अर्थात् ४.५ प्रतिशत, १ देखि ५ कक्षासम्म ९ जना अर्थात् १२ प्रतिशत, ५ देखि ९ कक्षासम्म १३ जना अर्थात् १७.५ प्रतिशत, एस.एल.सी १९ जना अर्थात् २५.५ प्रतिशत, प्रमाणपत्र तह २३ जना अर्थात् ३१ प्रतिशत, स्नातक ४ जना अर्थात् ५ प्रतिशत र स्नाकोत्तर ३ जना अर्थात् ४.५ प्रतिशत रहेको पाइयो । यस क्षेत्रमा भएका उत्तरदाताहरुको शैक्षिक स्थिति सन्तोषजनक पाइएको छ ।

### ४.३.४. विवाहको समय

विवाहबाटनै परिवारको स्थापना हुन्छ । वैवाहिक सम्बन्धबाट नै जन्मेका बालबच्चाहरुको समाजले स्वीकार गर्ने गर्दछ । विवाह एउटा पुरुष र महिलाको मिलनको अवसर हो । यसबाट नै परिवारको बंश चलिरहन्छ । विना विवाह बालबच्चा जन्माउनेलाई समाजले गलत मान्ने भएकाले पनि विवाह एउटा महत्वपूर्ण मानिन्छ ।

**तालिका नं .४.४ उत्तरदाताको विवाह भएको समयको विवरण**

| **समय** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ५ बर्ष भन्दा तल | ७ | ९.५ |
| ५ -१० बर्ष | १३ | १७.५ |
| १० -१५ बर्ष | १९ | २६.५ |
| १५ -२० बर्ष | २७ | ३६ |
| २० -२५ बर्ष | ८ | १०.५ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

समयको अन्तरसँगै विवाहको अनुभव फरक फरक भएको पाइयो । जसमा जसको विवाहको भएको समय लामो छ । उसको धेरै नै अनुभव र जसको थोरै समय भएको छ उसको छुट्टै अनुभव रहेको छ । यसमा विवाह भएको समयको अन्तराल भित्रको विवरण खोजिएको छ । जसमा ५ वर्ष भन्दा तल विवाह भएकाहरु ७ अर्थात् ९.५ प्रतिशत, ५ देखि १० वर्ष भएका १३ जना अर्थात् १७.५ प्रतिशत,  १० वर्षदेखि १५ वर्ष भएकाहरु १९ जना अर्थात् २६.५, १५ देखि २० वर्ष भएकाहरु २७ जना अर्थात् ३६ जना र २० देखि २५ वर्ष

भएका ८ जना अर्थात् १०.५ जना रहेका छन् । उत्तरदाता ७४ जना महिलाहरुलाई प्रश्न गरी उहाँहरुसँग छुट्टाछुट्टै अनुसन्धान गरिएको थियो ।

यस क्षेत्रमा भएका बुहारीहरु जसको विवाह भएको ५ वर्ष भन्दा कम भएको छ उनहिरुलाई खासै परिवारले बुहारी हो बुहारी कै ठाउँमा बस्नु पर्छ भनेर पारिवारिक दबाबमा नराखेको बताएका छन् भने । ५ देखि २५ वर्षसम्मका बुहारीहरुल आफू बुहारी भएर आउँदाको समयमा परिवारले धेरै व्यवहारिक पक्षमा अधिनतामा राखेको बताएका छन् । यसको साथै समयको परिवर्तनसँगै पहिलेको अवस्था भन्दा अहिलेकोमा बुहारीलाई हेर्ने दृष्टिकोण र व्यवहारमा धेरै फरक भएको बताएका छन् । जसमा शिक्षा, आय आर्जन गर्नमा नोकरी व्यवसाय तथा सीप सिक्ने र विदेश जाने अवसर समेत प्राप्त भएको जानकारी दिएका छन् । घरायसी कार्यहरुमा पनि परिवारले सहयोग गर्ने बताएका छन् । एक जनाको कमाइले यो महँगों जमाना घर खर्च र छोराछोरी पढाउन नसकिने भएकोले नी गर्दा परिवारले आय आर्जन गर्नमाजमाना बदलियो भन्दै पहिलेको अवस्था भन्दा अहिले धेरै सजिलो भएको बताएका छन् । जुन पहिलेको समयमा थिएन ।

## ४.३.५ घरमूली

नेपाल पितृसतात्मक देश भएकोले गर्दा घरका मूली पनि पुरुष नै हुने गरेको पाइन्छ । घरायसी निर्णयमा प्रायजसो महिलाको भूमिका र उपस्थितिको रहेको धेरै जसो कम भएको पाइन्छ । धेरै जसो ससुराले नै घरमूलीको भूमिका निर्वाह गरेको हुन्छन् । यस अध्ययनको क्रममा उत्तरदातालाई सोधिइएको थियो कि तपाइको घरमूली को हुनुहुन्छ भन्दा प्राप्त भएको उत्तरलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं.४.५ उत्तरदाताको घरमूलीको विवरण**

| **घरको घरमूली** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ससुरा | ३६ | ४८.५ |
| सासु | १३ | १७.५ |
| श्रीमान | २१ | २८.५ |
| आफै | ४ | ५.५ |
| **जम्मा** | ७४ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७।**

यस सर्वेक्षण अनुसार घरको घरमूली ससुरा नै देखिन्छ । त्यसपछि श्रीमान् अथवा पुरुष नै घरको हरेक योजना तथा निर्णयमा पुरुषको नै देखिएको छ । बुहारीको सारै कम मात्रामा पाइएको छ ।

## ४.३.६ परिवारको प्रकार

एउटै भान्साबाट पकाउने खाने जति रगतको नाता भएका पारिवारिक सदस्यहरु रहेका छन् तिनीहलाई परिवारको संख्या भनिन्छ । परिवारको प्रकार तीन किसिमको रहेको छ । एकल परिवार, संयक्त परिवार र बृहत । हाम्रो नेपाली समाजमा धेरै जसो एकल र संयुक्त परिवार भेटिन्छ । यसको अर्थ परिवार त्यसैमा बस्न रुचाउँछन् । यस अध्ययन क्षेत्रको उत्तरदाताहरुको परिवारको प्रकार तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.४.६ उत्तरदाताको परिवारको प्रकारको विवरण**

| **परिवारको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| संयुक्त परिवार | ४७ | ६३.५ |
| एकल परिवार | २७ | ३६.५ |
| जम्मा | ७४ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७**

यस तालिकामा उत्तरदाताहरुको अध्ययन गर्दा संयुक्त परिवारको संख्या ४७ घर र एकल परिवारको संख्या २७ घर रहेको छ । अध्ययनबाट उत्तरदाताहरुको चहाना एकल परिवार नै भएको भएता पनि संख्यामा संयुक्त परिवार नै बढी रहेको पाइयो ।

## ४.३.७. परिवारको संख्या

जन्म र विवाहले एक अर्कामा नाता जोडिन गएका सदस्यको संख्यालाई परिवार भनिन्छ । अथवा एउटै छानामूनि बस्ने, एउटै भान्सा प्रयोग गर्ने,जन्मदा मर्दा कर्मकाण्ड चलाउने समूहलाई नै परिवार भनिन्छ । नेपालमा परिवारको प्रकारमा एकल र संयुक्त भेटिन्छन् । कुनै कुनै जातीमा बृहत परिवार पनि चलन रहेको छ । जस्तै कैलाली जिल्लाको चौधरी जाती धेरै नै बृहत परिवार रहेको पाइन्छ । तर अरु जिल्ला र जातीमा भने एकल र संयुक्त परिवार नै रहेको छ । एकल परिवारमा श्रीमान् र श्रीमति र तिनीहरुको अविवाहित छोराछोरीलाई बुझाउँछन् भने संयुक्त परिवारमा एक दम्पति र तिनभन्दा बढी वा तीन पिढीका सदस्यहरु एकैसाथ बस्ने गर्दछन् । यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ । वर्तमान समयमा एकल परिवारको चाहाना भएता पनि संयक्त परिवार नै बढी रहेको छ ।

**तालिका ४.७ उत्तरदाताको पारिवारिक संख्याको विवरण**

| परिवारको अवस्था | संख्याा | प्रतिशत |
|---|---|---|
| १-५ परिवार सदस्य | २३ | ३१ |
| ५-१० परिवार सदस्य | ४७ | ६३.५ |
| १० भन्दा माथि | ४ | ५.५ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

अध्ययन क्षेत्रको उत्तरदाताहरुको पारिवारिक अध्ययन अन्तर्गत भएर उत्तर लिने क्रममा परिवारमा परिवारको संख्या कति जना रहेको छ भन्ने अनुसन्धानमा ५ जनासम्म सदस्य भएको परिवारको संख्या २३ घरपरिवार अर्थात् ३१ प्रतिशत, ५ देखि १० जना सदस्य संख्या भएका ४७ घरपरिवार अर्थात् ६३.५ प्रतिशत, १० जना भदा माथि सदस्य संख्या

भएको घरपरिवारको संख्या ४ अर्थात् ५.५ रहेको छ । यस तालिकाबाट थाहा पाउन सक्छौं । चहाना एकल परिवारको रहेता पनि संयुक्त परिवारको संख्या धेरै रहेको पाइन्छ ।

### ४.३.८. पेशागत विवरण

परिवारको दैनिक आवश्यकतालाई परिपूर्ति गर्नको लागि आथिक अवस्था महत्वपूर्ण रहेको छ । हरेका परिवार चलाउनको लागि आय आर्जन हुनुपर्दछ । त्यसैले कुनै पनि ठाउँको व्यक्ति, परिवार र समाजको आर्थिक अवस्था जान्न त्यस ठाउँको जनजीवन कस्तो रहेको छ । भन्ने थाहा पाउन र कुन कुन तत्वहरुले प्रभाव पारिरहेको छन् त्यसमा भर पर्दछ । जसमा आर्थिक, सामाजिक, राजनैतिक तथा भौगोलिक र साँस्कृतिक पक्षले मुख्य भूमिका खेलेको हुन्छ । जस मध्ये आर्थिक पक्षको भूमिकासवै भन्दा महत्वपूर्ण रहेको छ ।

हाम्रो देश कृषि प्रधान देश हो तर कृषि कै भरले देशको आर्थिक अवस्थामा पुग्ने भने छैन । यसको साथै अन्य पेशाहरु पनि जरुरत पर्ने हुन्छ । त्यसैले अध्ययन क्षेत्रको उत्तर दाताहरुको आर्थिक अवस्था कस्तो रहेको छ र कुन कुन क्षेत्रमा रहेर आम्दानी गर्नुभएको छ । भन्ने जान्न जरुरी रहेको छ । जसमा उत्तरदाताहरुको श्रीमान् कुन क्षेत्रमा रहेर काम गर्नुभएको छ भन्ने जानकारी लिने प्रयास गरिएको छ । जुन यो तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. ४.८ उत्तरदाताको पारिवारिक पेशाको विवरण**

| **पेशा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| व्यापार | २४ | ३२ |
| वैदेशिक रोजगार | २२ | ३० |
| निजि क्षेत्रको जागिर | १० | १३.५ |
| निजामति सेवा | ७ | ९.५ |
| सेनामा रोजगार | ३ | ४ |
| कृषि | ८ | ११ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

उत्तरदाताहरुको परिवारमा ररहेको पुरुषहरु विभिन्न पेशामा संलग्न रहेको पाइन्छ । जसमा व्यापारमा २४ जना अर्थात् ३२ प्रतिशत, वैदेशिक रोजगारमा २२ जना अर्थात् ३० प्रतिशत, निजिक्षेत्रमा १० जना अर्थात् १३.५ प्रतिशत, निजामति सेवामा ७ जना अर्थात् ९.५ प्रतिशत, सेनामा ३ जना अर्थात् ४ प्रतशत र कृषिमा ८ जना अर्थात् ११ प्रतिशत रहेको पाइयो ।

यस क्षेत्रको उत्तरदाता महिलाहरुको आर्थिक स्थिति कस्तो रहेको छ । अथवा आम्दानीको स्रोतहरु के के रहेको छ, भन्ने कुरालाई व्याख्या गरिएको छ । जसलाई तलको तालिकाद्वारा देखाइएको छ ।

**तालिका ४.९ उत्तरदाताको कामको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| घरभित्रको काम | २९ | ३९ |
| कृषि | ९ | १२ |
| व्यापार व्यवसाय | २२ | २८ |
| रोजगार | ८ | १०.५ |
| मजदुरी | ७ | ९.५ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

यसअनुसन्धानमाउत्तरदाताहरुको आर्थिक अवस्थाको विश्लेषण गर्दा पहिलाको बुहारीहरुघर भित्रका काममा मात्र सिमित थिए । भन्दा अहिलेका बुहारीहरु आफूलाई घर भित्रको काममामात्र सिमित नराखीबाहिरी काममा अग्रसर भएको पाइन्छ । उहाँहरु भन्नुहुन्छ घर भित्रको काममा मात्र सिमित भएर घर खर्च धान्ने गाह्रो हुने र परिवारले पनि काम गर्ने स्वतन्त्रत दिएको हुनाले बाहिरी काममा सहभागी हुने अवसर मिलेको छ । जसमा पढेलेखेकाहरुले आफ्नो योग्यता अनुसारको रोजगारी गरेको र कम पढेकोले सीप मूलक कामहरु सिकेर आर्थिक अवस्थालाई बलियो बनाउन सकेसम्म प्रयासरत रहिरेका छन् । पहिले महिलाहरु घर भित्र भान्छामा, घर बालबच्चाको सरसफाइ, मेलापात, पानी पधेरो गर्ने

गर्दथे तर अहिले घर भित्रको साथै घर बाहिरको काममा पनि सरिक भएको पाइएको छ । तर पनि पुरुषले बाहिरी काम गरेर आएपछि घरायसी काम गर्ने मेरो जिम्मेवारी होइन यो महिलाको नै हो भन्ने पितृसत्तात्मक सोंचाई भने रहेको पाइन्छ । जब महिलाले बाहिरी काम गरेर भए पनि घर भित्रको काम बालबच्चाको स्यारसुसारको कामलाई निरन्तरता दिनै परेको बताएका छन् । यस अनुसन्धानमा उत्तरदाताहरुले घरभित्रको काम २९ जना अर्थात् ३९ प्रतिशत, कृषिमा काम गर्ने ९ जना अर्थात् १२ प्रतिशत, व्यापार व्यवसायमा २२ जना अर्थात् २८ प्रतिशत, रोजगार ८ जना अर्थात् १०.५ प्रतिशत, मजदुरी ७ जना अर्थात् ९.५ प्रतशत रहेका छन् ।

### ४.३.१० सामाजिक कार्य

मानिसको जन्म समाज मै हुन्छ, समाजमा विवाह र समाजमा नै उसले आफ्नो भविष्य निर्माण गर्दछ साथै उसको मृत्यू समाजमा नै आफ्नो परम्परा अनुसार हुन्छ । त्यसैले मानिसमाज विना असम्भव छ । यही समाजबाट नै उसको आवश्यक आदनप्रदान हुन्छ । त्यसैले समाजमा उसको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसमा उसले सामाजिक कार्यमा रहेर समाजका व्यक्तिहरुसँग मिलेर समाज विकास कार्यमा सहभागी हुने भन्ने बुझिन्छ । त्यसकारण यो अध्ययन क्षेत्रमा पनि उत्तरदातालाई सोधिएको थियो । तपाइहरु सामाजिक कार्यमा कतिको संलग्न हुनुहुन्छ ? भन्ने प्रश्नमा उत्तर तालिकामा देखाइउको छ ।

**तालिका नं.४.१० उत्तरदाताको सामाजिककामको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| सक्रिय छु | ११ | १५ |
| समान्य | १५ | २० |
| कहिलेकही | २६ | ३५ |
| करकापमा | ७ | ९.५ |
| सहभागी हुदिँन | १५ | २०.५ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

यस तालिकाबाट समग्रमा हेर्ने हो भने सामाजिक कार्यमा सहभागी हुने उत्तरदाता महिलाहरुको संख्या सक्रिय नै देखिएको छ ।जसमा सक्रिय मा ११ जना महिला अर्थात् १५

प्रतिशत, सामन्य सहभागी हुने १५ जना अर्थात् २० जना, कहिलेकही सहभागी हुने २६ जना अर्थात् ३५ प्रतिशत, करकापमा ७ जना अर्थात् ९.५ प्रतिशत र सहभागी नै नहुने १५ जना अर्थात् २०.५ प्रतिशत रहेको छ । उत्तरदाताहरु ११ जना सक्रिय रुपमा सहभागी हुनुहुन्छ भने सहभागी नै नहुने १५ जना हुनुहुन्छ । तुलनात्मक रुपमा हेर्ने हो भने यस क्षेत्रका उत्तरदाता महिलाहरु समाजिक कार्यमा चासो दिएर लागेको पाइन्छ ।

# अध्याय पाँच

# दाइजो प्रथा र महिलाहरुको अवस्था विश्लेषण

यस अध्ययामा अध्ययन क्षेत्रका उत्तरदाता बुहारीहरुको दैनिक जीवनयापन र पारिवारिको कार्य प्रक्रियामा के कस्तो रहेको छ। जसबाट उनीहरुको सम्बन्ध र कार्यबारेमा चर्चा गरिएको छ। साथै दाइजो सम्बन्धी तिनीहरुको भनाई, अनुभव, सल्लाह, सुझाव र भोगाइको विश्लेषण गरिएको छ। विवाहको प्रकृति, विवाहमा दाइजो ल्याएको नल्याएको, दाइजोले पारेको प्रभाव आदिको विश्लेषण गरिएको छ।

## ५.१ उत्तरदाताको विवाहको प्रकार

परिवार बन्न दुई वा दुइ भन्दा बढी रगतको बंशको सदस्यहरुको संख्या रहेको हुन्छ। जब एउटा महिला विवाह गरेर पतिको घरमा जान्छिन् तिनको विभिन्न नातामा बाँधिन्छन्। उनी श्रीमान्को घरमा कसैको बुहारी, भाउजु, काकी, देउरानी, जेठानी आदि नातामा बाधिन्छिन्। त्यसै अनुसार जिम्मेवार र कर्तव्य पनि पालन गर्ने पर्ने देखिन्छ। त्यसैले यस अनुसन्धानबाट उत्तरदाताहरुको कस्तो प्रकारको विवाह भएको हो भन्ने जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ।

खाल्टे मसिना वडा नं १४ मा बसोबास गर्ने उत्तरदाताहरुको विवाहको प्रकारमा मागी विवाहको संख्या बढी भएको देखिन्छ। जसमा मागी विवाह ५७ जना अर्थात् ७७ प्रतिशत र प्रेम विवाह १७ जना अर्थात् २३ प्रतिशत रहेको छ।


**तालिका ५.१ उत्तरदाताको विवाहको प्रकार विवरण**

| विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मागी विवाह | ५७ | ७७ |
| प्रेम विवाह | १७ | २३ |
| जम्मा | ७४ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७।**

यस तालिकाबाट उत्तरदाताहरुकोमागी विवाह ५७ जना अर्थात् ७७ प्रतिशत र प्रेम विवाह १७ जनाले अर्थात् २३ प्रतिशतले गर्नुर्भको देखियो ।

**चित्र नं १ उत्तरदाताहरुको वैवाहिक प्रकृतिको अवस्था :**




अधिकांश उत्तरदाताको विवाह अभिभावकको रोजाइमा नै विवाह भएको देखियो । जुन परम्पराबाट नै चलि आएको सँस्कृति हो । बाबुआमाले आफ्नो छोरा वा छोरीको लागि विवाहका लागि आफैले कूल घरानाको विवाह गर्नुपर्दछ भन्ने मूल्यमान्यता रहेको र यस्तो प्रकारको मान्यताले गर्दा छोराछोरीको इच्छा भन्दा नी बाबुआमाले मन परेकोसित विवाह गरेको बताए । यस्को साथै शिक्षा, जनचेतनाले र आधुनिकिकरणले गर्दा प्रेम विवाहले स्थान पाएको छ । जसमा २३ प्रतिशत रहेको छ ।मागी विवाहमा सामाजिक समर्थन र सम्मान प्रेम विवाहमा भन्दा बढी रहेको पाइयो ।

**तालिका ५.२ करकापले विवाह गर्न पुगेका उत्तरदाताको धारणा**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहपूर्व अझै पढ्ने इच्छा | २२ | ४६ |
| स्वच्छाले विवाह गर्नै | १६ | ३३ |
| आत्म निर्भर बन्न चाहने | १० | २१ |
| **जम्मा** | **४८** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७।**

खाल्टेमसिनाका उत्तरदाताहरुको भनाइ छ । आफ्नो विवाहमा आफ्नो राय नलिकन परिवारले नै छनौट गरी उहाँहरुको मन्जुरीमा गर्न बाध्य रहेको बताएका छन् । साथै परिवारले नै छनौट गरकोसँग विवाह गर्दा समाजमा मान समान रहने र बाबुआमाको इज्जतको कदर हुनाले पनि गर्न पर्ने अवस्था रहेको बताएका छन् । विवाह पूर्व नै उत्तरदाताहरु पढाइलाई निरन्तरता दिएर आफू मानसिक, शारिरिक तथा आर्थिक रुपमा सक्षम भएर विवाह गर्न चाहेको बताए । जसमा विवाह पूर्व अझै पढ्ने इच्छा भएका २२ जना अर्थात् ४६ प्रतिशत, स्वइच्छाले विवाह गर्ने १६ जना अर्थात् ३३ प्रतिशत र आत्मनिर्भर बन्न चहाने १० जना अर्थात् २१ प्रतिशत रहेका छन् । यस तालिकाबाटै बुझ्न सकिन्छ । यस क्षेत्रका उत्तरदाताहरुको विवाहको निर्णय आफूमा नभएर अभिभावक नै रहेको पाइन्छ । यसरी अभिभावक द्वारा आफ्नो छोरीको विवाहको इच्छा विपरित गर्नुको कारण के हो त भन्ने प्रश्नमा उत्तरदाताहरुको भनाइ छ । छोरी मान्छे एक दिन विवाह गरेर जानै पर्छ, छोरीलाई पढाएर के गर्ने अको छोराको कमाई खाने जात हो, भन्ने धारणा भएकोले गर्दा नी विवाह करकापले गरेको पाइयो ।

***वैयक्तिक अध्ययन***

*मेरो नाम मिना गुरुङ्ग हो । विवाह भएको ७ वर्ष भयो । म २१ वर्षको हुदाँ विवाह गरेकी हुँ । माइत मेरो आँबुखैरनी हो । माइत हामी चार जना छोरीहरु छौ । म कान्छी छोरी । परिवारमा आर्थिक अवस्था कमजोर थियो तर पनि बाबा आमाले मलाई दुखै गरेर भए पनि पढाउनु भएको थियो । मैले प्रमाण पत्र तह पढ्दै एउटा सहकारी संस्थामा काम गरदै गरे । केही समय पछि  मेरो प्रेम विवाह भयो । मेरो श्रीमान् शाक्य अथवा नेवार हुनुहुन्छ । एउटै छोरा त्यसैले हाम्रो जात मिल्दैन थियो । विवाहको लागि सासु ससुरा मान्नु भएको थिएन । त्यसैले हामी भागेर विवाह गर्‍यौ ।*

*तीन महिना पछि हामीलाई भित्रयाउनु भयो । मैले घरको काम र सासु ससुराको ख्याल राम्रोसँग गर्दथे । यसमा मलाई  केही दुःख लाग्दैन थियो । खुशी थिए । समय बित्दै गएपछि मेरो सासु आमाले मेरो श्रीमान्लाई गाली गर्दै भन्नुहुन्थ्यो । हाम्रो आफ्नो जातको विहे गरेको भए कति दाइजो आउथ्यो कहाँको यो भिकारीलाई विहे गरेर भनेर कराउनु भयो । मलाई यो कुराले सारै दुःख लाग्यो । त्यसपछि का हरेक हप्ता महिना दिनहरुमा दाइजोको कुराले मलाई सासुले पिराल्नु हुन्छ । मलाई भित्र भित्र एक दम पिडा हुन्छ । मैले श्रीमान्सँग सल्लाह गरे म केही काम गर्छु । आमाले कराइ राख्नुहुन्छ । घरमा बस्न म सकेको छैन भने, उहाँले काम गर्नलाई अनुमति दिनुभयो । मैले काम खोजे सहकारी मै काम पाए । काममा जादाँ पनि दाइजो ल्याएर आएको भए यसरी काम गर्नुपर्दथ्यो भनेर सुनाउनुहुन्थ्यो । काम गरेको दुई तीन महिना पछि मलाई सासु आमाले काम गर्न जान दिनुभएन । किनकि घरको सरसफाइ राम्रो भएन, समयमा तातो चिसो खाना पाएन भनेर गनगनाउन लाग्नुभयो ।*

*तर मैले घर र बाहिरको काम दुवै नै गर्दछु । उहाँहरुले कराउनु भएता पनि मैले काम छोडिन । अहिले म गृहणीको साथसाथै एक रोजगारीमुलक महिला पनि हुँ । तर पनि दाइजोको कारणले मलाई कराई राख्नुहुन्छ । हाम्रो समाज दाइजोको चलनले गर्दा, हामी जस्तो गरिब महिलाहरुलाई बाँच्नको लागि गाह्रो भएको छ ।*

## ५.२ छोरीलाई दाइजो र अंश सम्बन्धी धारणा

भनिन्छ छोराछोरी दुवै बराबरी । तर यो बोलीमा मात्र समित रहेको पाइन्छ । आजको यो आधुनिक युगमा एउटै परिवारमा पनि भेदभाव रहेको पाइन्छ । जुन हाम्रो समाजमा देखेको भोगेको र सुनेका छौं । आफ्नो सन्तानको भविष्य उज्ज्वल होस् भन्नको खातीर परिवारले अधिकार दिएको हुनुपर्दछ । जसको कारणले उसको मेहेनत ज्ञान, बुद्धि, परिश्रम, आर्थिक, शिक्षा, तालिम सीप आदिबाट प्राप्त गर्दछ । छोराले जन्मनासाथ बाबुको सम्पतिको हक अधिकार पाउछ तर छोरीको रहँदैन । अझै भन्नुपर्दा छोरीले पढेर केही गर्छु भन्दा भन्दै करकापमा विवाह गरिदिने गर्दछन् ।


**तालिका ५.३ छोरीलाई दाइजो र अंश सम्बन्धीको धारणा**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| दाइजो दिन उपयुक्त | १२ | १६ |
| अंश दिन उपयुक्त | ५६ | ७६ |
| अन्य(शिक्षा, तालिम, सीप) | ६ | ८ |
| **जम्मा** | ७४ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।*

यस तालिकाबाट उत्तरदाताहरुको दाइजो र अंश सम्बन्धीको धारणामा दाइजो दिनमा उपयुक्त भन्नेहरु १६ प्रतिशत, अंश दिन उपयुक्त भन्नेहरु ७६ प्रतिशत र शिक्षा, तालिम र सीप सम्बन्धीको धारणा व्यक्त गर्नेहरु ८ प्रतिशत रहेको छ । उत्तरदाताहरुको भनाई छ । छोराले जस्तो अंश छोरीलाई दिएमा छोरीहरुले पनि आत्मनिर्भर भएर । त्यसबाट हामीले हाम्रो बलियो आधार बनाउन सक्छौं । जसको कारणले घरपरिवारमा हामी हेपिन र कमजोर भएर बस्न पर्दैन । सीप तालिम र शिक्षा पाएर आफू र आफ्नो परिवारको भविष्य उज्जवल बनाउन सक्छौं । दाइजो लिएर त्यसले केही फाइदा पनि नहुने बताउँदछन् । यस क्षेत्रका उत्तरदाताहरुको व्यक्तिगत पहुँचमा सम्पति नभएको देखिन्छ । जसले गर्दा विवाह पछि दिनहुँ घरायसी काम गर्नमा सक्रिय रहेका छन् । उनीहरुको कमजोर आर्थिक स्थिति रहेको देखिन्छ ।

**चित्र नं २ उत्तरदाताहरुको वैवाहिक प्रकृतिको अवस्था**




## ५.३ दाईजोको आधारमा वैवाहिक अवस्था


यस अध्ययनमा उत्तरदाताहरुको दाइजोको अभ्यास कस्तो रहेको छ भन्ने बुझ्न खोजिएको छ । जसमा मागी विवाह अन्तर्गत ५७ जनामा दाइजो ल्याएका ४८ जना रहेका छन् भने ९ जनाले दाइजो ल्याएका छैनन् । त्यस्तै गरी प्रेम विवाह गर्ने १७ जनामा ९ जनाले दाइजो ल्याएका छन् भने ८ जनाले नल्याएको अवस्था छ । यसरी विवाहका प्रकृति र दाइजो अवस्थालाई हेर्दा यस क्षेत्रमा अधिकांश मागी विवाह हुने र त्यसमा दाइजोको प्रचलन रहेको पाइन्छ । प्रेम विवाहलाई समाजले सहजै स्वीकार नगर्ने भएकाले विवाह कम भएको पाइन्छ । तर पनि प्रेम विवाहमा पनि दाईजो लिएको पाइन्छ ।

**तालिका नं ५.४ उत्तरदाताहरुको विवाहको प्रकार र दाइजो विवरण**

| विवाहको प्रकार | संख्या | प्रतिशत | दाइजो ल्याएको | दाइजो नल्याएको |
|---|---|---|---|---|
| मागी विवाह | ५७ | ७७ | ४८ | ९ |
| प्रेम विवाह | १७ | २३ | ९ | ८ |
| **जम्मा** | ७४ | १०० | | |

**स्रोत: स्थलगत सर्वेक्षण, २०७७ ।**

**चित्र नं ३ उत्तरदाताहरुले विवाहमा दाइजो माग भएको र नभएको अवस्था**




## ५.४ दाइजो र परिवारको सम्बन्ध

विवाह हुँदा केटी पक्षबाट केटा पक्षकालाई दिइने नगद तथा जिन्सी सामग्रीलाई दाइजो भनिन्छ । विवाहको समयमा कति ठाउँहरुमा केटा पक्षकाले हामीलाई यो यो कुरा दिनुपर्छ भनि माग गरेका हुन्छन् भने कति पटक माग नगरेता पनि दाइजो नलिइ आएको बुहारीलाई परिवारले फरक व्यवहार गर्ने गर्दछन् । दाइजो कारणले नै कति महिलाहरुको ज्यान गएको र घाइते अवस्थामा रहेकन छन् । यो शोध पत्रले पनि उत्तरदाताहरुको दाइजोको कारणले पारिवारिक सम्बन्ध कस्तो रहेको छ भन्ने तलको तालिकाबाट थाहा पाउने छौं ।

**तालिका नं ५.५ दाइजो र परिवारको सम्बन्ध**

| **परिवारको सम्बन्ध** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | १५ | २० |
| नराम्रो | ३४ | ४५ |
| भन्न नचाहने | १६ | २२ |
| ठीकै | ९ | १३ |
| **जम्मा** | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७।**

यस क्षेत्रको उत्तरदाताहरुको उत्तर अनुसार दाइजोको कारणले परिवारको सम्बन्ध नरकारात्मक देखिएको छ जसमा नराम्रो मा ३४ जना अर्थात् ४५ प्रतिशत रहेको छ भने १५ जना अर्थात् २० प्रतिशहत मात्र सकरात्मक सम्बन्ध रहेको छ। यसमा १६ जनाले भन्न चाहानुभएको छैन भने यी १६ जनामा पनि दाइजो सम्बन्धी केही प्रभाव उनीहरुमा परेको देखिन्छ।

**वैयक्तिक अध्ययन**

*तुलसी सुनार मेरो जन्म घर माझठान वडा नं ४ मा भएको हो । माइत हामी ६ जना दिदिबहिनी र १ जना भाई छौं । जेठी छोरी हुँ । मेरो विवाह १८वर्षको उमेर हुँदा भएको हो । अहिले मेरो विवाह भएको १४ वर्ष भयो । म कक्षा ८ पढ्दै थिए । विवाहको लागि माग्न आउँदा अहिले पढ्छु । भन्दा परिवारले केटा विदेश गएको र पहिलो पटक माग्न आएको मान्छेलाई फर्काउन हुन्न भनेर इच्छा नहुँदा पनि बा आमाको करकापले विवाह गरे ।*

*विवाह राम्रोसँग नै भयो । श्रीमान्ले पनि माया गर्नुहुन्छ र परिवारले पनि राम्रै व्यवहार गर्दछन् । विवाहको समयमा मेरो ससुरालले दाइजो केही पनि ल्याउनुपर्दैन भन्नुभएको थियो । दाइजोको कुरै भएको थिएन । जेठी छोरीको विवाह हो भनेर दाइजो नमागेता पनि बाबाआमाले घरायसी सामान एक सेट दाइजो दिनुभयो । यसको साथै गरगहना पनि दिनुभयो । छिमेकी, आफन्त तथा घरपरिवार पनि मख्खै परे । फलानोको बुहारीले त धेरै दाइजो ल्याइछे भन्ने हल्ला सुने ।*

*हाल मेरो ३ जना बच्चाहरु छन् । मलाई उनीहरुको पालनपोषण गर्न आर्थिक अवस्थाले धान्न गाह्रो हुन्छ । मलाई यस्तो महशुस हुन्छ । त्यति खेर मलाई विवाह भन्दा नी पढाइ दिएको भए म आर्थिक कुरा कमाउनतिर सक्षम हुने थिए । मलाई बालबच्चा र परिवारको पालन पोषणमा कमि हुने थिएन । अब त्यतिखेर दिएको दाइजोले अहिले मलाई केही फाइदा भएन । त्यति खेर पढ्न पाएको पाएको भए हुन्थ्यो भन्ने लाग्छ ।*

## ५.५ दाइजो सम्बन्धी परिवारको सदस्यको चासो

हरेक परिवारले आफ्नो सन्तानको विवाह राम्रोसँग होस् भन्ने चहान्छन् । त्यसै अनुरुप विवाह भएमा छिमेकी र आफन्त जनहरुले प्रशंसा गर्नुको साथै सम्मान पनि बढ्ने गर्दछ । राम्रो कूल घरानाको बुहारी भित्रायो यति दाइजो ल्यायो र फलानो घरानामा छोरीलाई यति दाइजो दिए भनेर आर्थिक कुराको चर्चा चल्ने गर्दछ । कतिपय परिवारले मुखले दाइजो पर्दैन भनेता पनि मनबाट दाइजोको चहाना भने हुने रहेछ । यस्तै गरी

परिवारका सदस्यहरु मध्ये कस कसले दाइजो सम्बन्धी चासो लिने गरेका छन् भन्ने प्रश्नमा उत्तरदाताहरुको उत्तर तलका तालिकामा देखाइएको छ ।


**तालिका नं ५.६ दाइजो सम्बन्धी परिवारको सदस्यको चासो**

| **परिवारका सदस्य** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| ससुरा | २१ | २८ |
| सासु | २७ | ३६ |
| श्रमिान् | ११ | १५ |
| नन्द | ४ | ५ |
| देवर | २ | ३ |
| भन्न नचाहेका | ९ | १३ |
| **जम्मा** | ७४ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

यस क्षेत्रका उत्तरदाताहरुको भनाइ अनुसार परिवारको सदस्यहरुमा सवै भन्दा धेरै सासुले दाइजो चहाना गरेको पाइएको छ । त्यसपछि ससुरा र श्रीमान्को पनि चहाना भएको पाइयो । उत्तरदाताहरुसँगको कुराकानमिा भन्न नचहानेहरु ९ जना अर्थात् १३ प्रतिशत रहेको छ । यो अनुसन्धानमा सोधपूछ गर्दा ती महिलाहरुले परिवारमा दाइजो विषयमा केही पिडा भागेका रहेछन् भन्ने बुझिन्छ । तर उहाँहरुले मौखिक रुपमा आफ्नो घर भित्रको कुरा डरले गर्दा व्यक्त गर्न नचाहेको बुझिन्छ ।

**चित्र नं ४दाइजो सम्बन्धी परिवारको सदस्यको चासो**




## वैयक्तिक अध्ययन

*संगीता आलेमगर मेरो घर महोत्तरी जिल्ला बर्दिबास ४ हो । मेरो विवाह भएको ११ वर्ष भयो । म १९ वर्षको हुँदा प्रेम विवाह गरेकी हुँ । म मगर जातको र मेरो श्रीमान् क्षेत्री जातको हुनुहुन्छ । मेरो ससुरालमा सासु ससुरा देवर, र २ जना नन्दहरु हुनुहुन्छ । परिवारमा सवैजना शिक्षित हुनुहुन्छ । सवै जना आ-आफ्ना काम र पढाईमा व्यस्त हुनुहुन्छ ।*

*मैले माइत पढ्न पाइन । हामी खेती किसानको काम गर्दथ्यौं । मैले प्रौढ कक्षा पढेर अक्षर चिन्ने भएकी हुँ । सामान्य हिसाब र नेपाली अक्षर पढ्न लेख्न सक्छु । मलाई कहिले काहि नरमाइलो महशुस हुन्छ किनकि परिवारमा उहाँहरुको व्यवहारले मलाई छुट्याएको जस्तो लाग्छ । घरको काम सवै मैले नै गर्नुपर्छ । विहानदेखि बेलुकीसम्म व्यस्त हुन्छु । उहाँहरु भन्नुहुन्छ । "तपाइको काम केही छैन, यही घर भित्रको त हो नी" भनेर सवै काम मैले नै गर्नुपर्दछ । यसले गर्दा मलाई निराश लाग्छ । मैले नपढेको र हातमा पनि केही सीप नभएकोले गर्दा आम्दानी गर्न सक्दिँन । घरकै काममा व्यस्त हुनुपरेको छ । मेरो विवाहमा मैले दाइजो केही पनि ल्याइन । त्यसैले गर्दा सासु आमाले छोराले दाइजो नल्याएता पनि मेरो छोरीहरुको विवाहमा दाइजो दिने हो भन्ने कुरा सुनाइ राख्नुहुन्छ ।किनकी उहाँहरुले आफ्नो छोरीलाई भनेजस्तो गरेर मलाई सुनाउनुहुन्छ । मैले दाइजो नल्याएको कारणले यो कुरा सुनिराख्नु परेको छ ।*

## ५.६ दाइजो र महिलाको अवस्था

आधा आकाश नारीले ढाकेको छ । भनिन्छ नारी पुरुष बराबरी, एक रथको दुइ पाङग्रा भनेर भनिएको छ । तर पनि मानव इतिहासको शुरुवात्देखि नै पुरुषको स्थान नारी भन्दा उच्च रहेको छ । चाहे त्यो शिक्षामा होस् , राजनितिमा होस्, समाजमा होस् र परिवारमा नै होस् । जहाँ पनि पुरुषको स्थान महिलाको भन्दा उच्च रहेको छ । दाइजो सम्बन्धीको लेनदेनमा पनि महिलालाई नै भार थुप्रिएको छ । जसको कारणले महिला माथि हिंसा, हत्या, अबहेलनाका घटनाहरु घटिरहेका छन् । यस्तै दाइजो सम्बन्धीको अवस्था उत्तरदाताहरुमा कस्तो रहेको छ भन्ने थाहा पाउनको लागि तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ५.७दाइजो र महिलाहरूको अवस्थाबारे धारणागत विवरण**

| **दाइजो** | **धारणगत विवरण** | **उत्तरदाता** | |
|---|---|---|---|
| दाइजो ल्याउने महिलाहरुको अवस्था | समाजमा इज्जत | ६ | ९ |
| | आर्थिक उपार्जनमा सहयोग | ९ | १२ |
| | पारिवारिक निर्णयमा सहभागी | ५ | ७ |
| | घर परिवारबाट राम्रो व्यवहार | १० | १४ |
| | दाइजो ल्याएकोमा गर्वको महशुस हुनु | ७ | ९ |
| दाइजो नल्याउने महिलाहरुको अवस्था | घरभित्रको काममा सिमित हुनु | ७ | ९ |
| | आर्थिक स्रोतमा पहुँच नहुनु । | १२ | १६ |
| | शारिरीक तथा मानसिक तनाव हुनु । | ११ | १५ |
| | परिवारको हेला हुनु । | ७ | ९ |
| **जम्मा** | | **७४** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।**

यस तालिकाबाट दाइजो सम्बन्धमा उत्तरदाताहरुको अनुभव र भोगाइको आधारमा यो भन्न सकिन्छ की दाइजो ल्याउनेहरुलाई समाजमा इज्जत र दाइजोमा आएको आर्थिक कुराले उपार्जन गर्न सहयोग हुने र परिवारमा माया पाउने वातावरण भएको पाइन्छ भने

दाइजो नल्याउनेहरु छन् उनीहरुलाई समाजमा परिवारमा हेला गरेको बताएका छन् । भने आर्थिक कुरामा पनि गाह्रो भएको बताएका छन् ।

## वैयक्तिक अध्ययन

*मेरो नाम सुजिता के. सी  हो । माइती घर लामाचौर १९ भक्तिपथ हो । मेरो विवाह भएको १८ वर्ष भयो । २१ वर्षको उमेरमा मेरो मागी विवाह भएको हो । माइत मेरो दुई जना दाइहरु र म एकली छोरी थिए ।सवै जनाको प्यारी छोरी थिए । म स्नातक तहमा पढ्दै थिए । परिवारले अब उमेर पनि भयो विवाह गर्नु पर्दछ भने । मैले मेरो पढाई पूरा गर्छु भन्दा मान्नु भएन ।  मेरो श्रीमान्ले विवाहपछि पढाई दिन्छु भन्नुभयो र खुशी साथ विवाह गरे ।*

*श्रीमान् काठमाडौंमा पढ्दै हुनुहुन्थ्यो । विवाह भएर आएको घरमा मेरो श्रीमान् र देवर सासु ससुरा हुनुहुन्थ्यो । विवाहमा मेरो माइतीबाट मलाई नगद र जिन्सी सामान दाइजोको रुपमा दिनुभयो । नगद मेरो नाउँमा बैंकमा राखिदिनुभयो । हामी दुवै जना पढ्ने भएकोले गर्दा हामी आफ्नो परिवारमा भर पर्नुपर्दथ्यो ।हाम्रो आफ्नो कमाइ थिएन । त्यसैले पढ्नलाई सारै गाह्रो भइरहेको थियो । सासु ससुराले पनि दुवै जना किन पढ्नु पर्‍यो । पढाउँन सक्दैनौं भनेर सुनाइ राख्नुहुन्थ्यो । पछि मलाई चाहिने खर्च पनि दिन छाड्नु भयो । तर मैले मेरो विवाहमा माइतबाट दिएको दाइजो स्वरुपको पैसा बैंकमा राखेको थिए । त्यसै पैसाबाट मेरो व्यक्तिगत खर्च चलाउँदै पढ्दै गए ।*

*यसै क्रममा मैले घरमा बालबच्चाहरुलाई ट्यूशन पढाउन थाले । त्यसबाट पनि आम्दानी हुन थाल्यो । मैले मेरो पढाइलाई पूरा गर्न सके । हाल आएर म एउटा विद्यालयमा शिक्षिकाको काम गर्दछु ।*

*मेरो सासु ससुरा हामी सँगै छौं । परिवार सवै जना खुशी हुनुहुन्छ । दाइजोको रुपमा छोरीलाई जिन्सी समान भन्दा पनि नगद दिएको मलाई ठीक लाग्छ । किनकि दुःख र समस्या परेको बेलामा सामानले होइन पैसाले काम दिन्छ । दाइजोको पैसाले नै मैले पढेकी हुँ । सायद त्यतिखेर पैसा नदिनु भएको भएँ मैले पढाईलाई निरन्तरता दिन सक्नेथिएन ।*

## ५.७ दाइजो र समाजको घटना सम्बन्धी धारणा

यस शोधपत्र दाइजो सम्बन्धमा महिलाहरुको धारणा बुझ्ने अभिप्राय गरिएको हुँदा अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग उनीहरुबाट देखेका, भोगेका, सुनेका सम्पूर्ण सूचना लिने प्रयाससँग दाइजोबाट समाजमा घटेका घटना सम्बन्धी पनि धारणा बुझ्ने जमर्को गरिएको छ । समाजमा विवाहमा माइती पक्षबाट दाइजो नल्याएर वा सोंचे भन्दा कम ल्याएर महिलाहरु घरमा विभिन्न किसिमका हिंसा भोग्ने गरेका छन् । यस्ता घटनाहरु प्रायःबाहिर नआउने र उत्कर्षमा पुगेका घटना मात्र चर्चामा आउने गर्दछन् । तर राज्यमा सम्बन्धित पक्ष मुकदर्शक भएको पाइन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरुले दाइजो नल्याएर धेरै महिलाहरु घरेलु हिंसामा विभिंन्न स्वरुपबाट पिडित भएको धारणा व्यक्त गरेका छन् । जसमध्ये ३.४ प्रतिशतले दाइजो नल्याएका कारण सम्बन्ध विच्छेद भएको समाजमा घटना सुनेका छन् । दाइजोको निहुँमा मानसिक हिंसा हुने गरेको धारणा व्यक्त गरेका छन् । कुटपिट हुने गरेको बताएका छन् भने दाइजोका कारणले जगन्य अपराध हत्या नै हुने गरेको बताएका छन् । दाइजोको कारण महिलामाथि सवै किसिमका हिंसा र घटना हुने गरेको धारणा व्यक्त गरेका छन् भने समाजमा घटेका घटना सम्बन्धमा समेत बोल्न चहादैनन । समग्रमा अध्ययन क्षेत्रमा अधिकांश मागी विवाह हुने गरेका छन् । प्रेम विवाहलाई समाज र परिवारले स्वीकार नगरेको पाइएको छ । मागी विवाहमा लमीको भूमिका रहने गरेको पनि पाइएको छ । साथै अधिकांश मागी विवाहमा छोरीलाई अभिभावकले नै निर्णायक भूमिका खेलेको पाइएको छ । छोरीलाई पैतृक सम्पतिको हिस्सेदार र छोरीलाई विवाहमा दाइजो दिइने गरिएको छ । महिलाको आर्थिक शैक्षिक समाजिक अवस्थाको विषयले गर्दा महिलाको व्यक्तिगत सम्पति निकै न्यून रहेको र दाइजो पेवामा समेत स्वतन्त्र पहुँच नरहेको र दाइजोका कारण परिवारसँगको सम्बन्ध प्रभावित भएको देखिन्छ । विवाह पश्चात् अधिकांश महिलाहरु गृहणीको हैसियतमा मात्र सिमित रहेका छन् । घर बाहिरका सार्वजनिक क्षेत्रमा क्रियशिल हुन पाएका छैनन् । यस्तै उनीहरुको शैक्षिक आर्थिक अवस्था कमजोर रहेको पाइयो छ ।

## ५.८ दाइजो सम्बन्धी समाजका वर्गहरुको धारणा

दाइजो प्रथा परम्परादेखि नै चलिआएको प्रथा हो ।समाजमा उच्च मध्यम, निम्न्न वर्गका मानिसहरु रहेका हुन्छन् । आफ्नो हैसियत अनुसार छोरीको विवाहमा दाइजो दिने गरेको देखिन्छ । कति परिवारमा दाइजो आफ्नो योग्यता भन्दा पनि बढी दिने गरेकाले ऋण लागेको अवस्था रहेको छ । यसै शिलशिलामा यस क्षेत्रमा भएकाउत्तरदाताहरुसँग कुन


वर्गका मानिसहरुले दाइजोलाई प्राथमिकता दिएको छ भन्ने प्रश्नमा तलका तालिकामा हेर्न सक्छौं ।

**तालिका नं ५.८  दाइजो सम्बन्धी समाजका वर्गहरुको धारणा**

| **वर्ग** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| उच्च वर्ग | ३१ | ४२ |
| मध्यम वर्ग | २७ | ३६ |
| निम्न वर्ग | १० | १४ |
| माथिका सवै | ६ | ८ |
| **जम्मा** | **७४** | **१००** |

यस तालिका अनुसार दाइजो दिनेमा सवैभन्दा बढी उच्च वर्गमा ३१ जना अर्थात् ४२ प्रतिशत, मध्यम वर्गमा २७ प्रतिशत, निम्न वर्गमा १० प्रतिशत र सवै वर्गमा छ भन्नेहरुमा ६ जना अर्थात् ८ प्रतिशत रहेका छन् ।

**चित्र नं. ३ दाइजो सम्बन्धी समाजका वर्गहरुको धारणा**




**वैयक्तिक अध्ययन**

मेरो नाम प्रेमा तिवारी हो । हाल मेरो उमेर ३० वर्षको भएँ । मेरो माइती घर अन्नपूर्ण मार्ग कुँडहर वडा नं.१२ हो । विवाह भएको ५ वर्षभयो । मेरो मागी विवाह हो ।

एस.एल.सीमा फेल भएपछि मलाई पढ्न मन लागेन । परिवारले पढ हामी पढाइ दिन्छौ भनेर भनिराख्नुहुन्थ्यो तर मलाई फेल भएको कारण पढ्न मन लागेन बरु केही व्यवसाय सिक्ने इच्छा लाग्यो र मैले पालरको काम सिक्दै गए । केही समय पछि प्रेम विवाह गरे । दुवै तर्फको परिवारको सहमति मै मैले विवाह गरे । विवाह गरेको केही वर्ष सम्म मेरो सम्बन्ध परिवारको सवैसँग राम्रो भयो । सासु ससुरा र श्रीमान्ले पनि माया गर्नुहुन्थ्यो । जब मेरो देवरको मागी विवाह भयो र विवाहमा देवरानीले दाइजोको लिएर आउनुभयो । त्यसपछि विस्तारै मलाई हेला गर्न थाल्नु भयो । सानो सानो कुरामा पनि मलाई देवरानीसँग तुलना गरेर गाली गर्नुहुन्थ्यो । केही काम बिग्रियो भने तेरो माइतबाट ल्याएको दाइजो हो र भनेर कराउनु हुन्थ्यो ।

मलाई सारै सहन गाह्रो हुन्थ्यो । घरको काम धेरै जसो मैले नै गर्नुपर्दथ्यो । एक दिन मैले श्रीमान्लाई भने आमाले दाइजो कुरा लिएर मलाई कराउनुहुन्छ तपाइले सम्झाइदिनु न आमालाई भने । उहाँले आमासँग कुरा गर्दा उहाँलाई पनि गाली गर्नुभयो । म कोठामा बसेर रुने गर्दथे । केही महिना पछि हामी अलग भयौं । सासु ससुरा देवरदेवरानी उहाँहरु सँगै हुनु भयो । हामी भाँडामा कोठा लिएर बस्यौं ।

मैले फेरि पार्लरको काम सिक्न थाले । आर्थिक अवस्था कमजोर भएकोले गर्दा मैले कमाउनु पर्छ भनेर पार्लरको काम सिकेर पार्लर खोले ।मैले पार्लरबाट आर्थिक आम्दानी गर्न सक्षम भए । मैले मेरो बच्चालाई राम्रो बोर्डिङ स्कूलमा पढाएको छु । अहिले घरमा शान्तिसँग रहेका छौं ।

# अध्याय : छ
# सारांश, उपलब्धिर निष्कर्ष

## ६.१ सारांश

परम्परादेखि आजसम्मका दिनमा दाइजो प्रथाको चलनले ठाउँ लिर्दै आइरहेको छ । जति आधुनिकरण, जनचेतना, शिक्षा, प्रविधि बढ्दै गएको छ त्यति नै दाइजो सम्बन्धीको घटनाले विवाहित महिलाहरुको जीवनमा दःख दायी घटनाहरु घट्दै गइरहेको सुनेको भोगेको, अवस्थाहरु रहेको छ । यस खाल्टेमसिनामा भएका महिलाहरुले पनि विवाहको समयमा दाइजो ल्याउने गरेको पाइन्छ । त्यसैले यस शोधपत्र कास्की जिल्लाको खाल्टेमसिना वडा नं.१४, मा बसोबास गर्ने विवाह भएर आएका बुहारीहरुलाई दाइजो सम्बन्धी सामाजिक आर्थिक स्थिति कस्तो रहेको छ । घर परिवारका सदस्यहरुले कस्तो व्यवहार गर्दछन र उनीहरुको दाइजो सम्बन्धीको धारणा कस्तो रहेको छ । भन्ने विषयमा अनुसन्धान गरिएको छ ।

यस अध्ययनमा ७४ घरपरिवारसँग सम्बन्धित भएर प्रत्येक घरका १६ देखि४० वर्ष उमेर समूहका विवाहित बुहारीहरुमा अनुसन्धान लिइएको छ । यसमा वर्णात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । यस क्षेत्रमा २७६ घरधुरी रहेको छ । जसमा जम्मा १३८० जनसंख्या रहेका छन् । यस अध्ययनमा दाइजोले कस्तो प्रभाव पारेको छ भन्ने कुरा थाहा पाउन जीवनमा भएको घटना र अनुभवलाई वैयक्तिक अध्ययन गरी तथ्याँङ्कलाई तालिकामा विश्लेषण गरिएको छ ।

## ६.२ अध्ययनका मूख्य उपलब्धिहरु

- यस अध्ययनमा विवाह गरेर आएका महिलाहरुको उमेरको हिसाबमा १५ देखि २० वर्षसम्मका ८ जना, २० देखि २५ वर्षसम्म उमेर समूहका १९ जना, २५ देखि ३० वर्षसम्म उमेर समूहका २२ जना, ३० देखि ३५ वर्षसम्म उमेर समूहका १८ जना र ३५ देखि ४० वर्षसम्म उमेर समूहका ७ जना महिलाहरु रहेको पाइयो ।
- उत्तरदाताहरुसँग जातीय सम्बन्धी उत्तर लिने क्रममा यस क्षेत्रमा सवै भन्दा धेरै २४ जना विवाहित वुहारी क्षेत्री जातीमा रहेका छन् अर्थात् ३२.५ प्रतिशत क्षेत्री जाती विवाह गरेर आएका बुहारीहरु रहेका छन् ।

- उत्तरदाताहरुको शैक्षिक स्थितिकोबारेमा अध्ययन गर्दा निरक्षर ३ जना १ देखि ५ कक्षासम्म ९ जना, ५ देखि ९ कक्षासम्म १३ जना, एस.एल.सी १९ जना प्रमाणपत्र तह २३ जना, स्नातक ४ जना र स्नाकोत्तर ३ जना अर्थात् यस क्षेत्रमा भएका उत्तरदाताहरुको शैक्षिक स्थिति सन्तोषजनक पाइयो ।
- उत्तरदाताहरुको वैवाहिक सम्बन्ध जोडिएको समयलाई लिदाँ ५ वर्ष भन्दा तल विवाह भएकाहरु ७ जना, ५ देखि १० वर्ष भएका १३ जना, १० वर्षदेखि १५ वर्ष भएकाहरु १९ जना, १५ देखि २० वर्ष भएकाहरु २७ जना र २० देखि २५ वर्ष भएका ८ जना रहेको पाइयो ।
- यस सर्वेक्षण अनुसार घरको घरमूली ससुरा नै देखिन्छ । जसमा ३६ जना हुनुहुन्छ, । त्यसपछि श्रीमान् २१ जना र १३ जना सासु हुनुहुन्छ भने ४ जना मात्र उत्तरदाता घरमूली रहेको पाइयो । यस अध्ययनमा घरको घरमूली र निर्णायकमा पुरुष नै पाइयो ।
- परिवारको प्रकारको अध्ययन गर्दा संयुक्त परिवारको संख्या ४७ घर र एकल परिवारको संख्या २७ घर रहेको पाइयो ।
- उत्तरदाताको पारिवारिक पेशाको बारेमा भन्नु पर्दा व्यापारमा २४ जना वैदेशिक रोजगारमा २२ जना निजिक्षेत्रमा १० जना निजामति सेवामा ७ जना, सेनामा ३ जना र कृषिमा ८ जना रहेको पाइयो ।
- उत्तरदाताको कामको विवरणमा हेर्दा घरभित्रको काम २९ जना, कृषिमा काम गर्ने ९ जना, व्यापार व्यवसायमा २२ जना, रोजगार ८ जना मजदुरी ७ जना रहेको पाइयो ।
- यस क्षेत्रका उत्तरदाता महिलाहरु समाजिक कार्यमा चासो दिएर लागेको पाइयो ।
- उत्तरदाताहरुको विवाहको प्रकारमा मागी विवाह ५७ जना र प्रेम विवाह १७ जना रहेको पाइयो ।
- विवाहको निर्णाय सम्बन्धी बुझ्दा विवाह पूर्व अझै पढ्ने इच्छा भएका २२ जना, स्वइच्छाले विवाह गर्ने १६ जना र आत्मनिर्भर बन्न चहाने १० जना रहेका छन् । यस तालिकाबाटै बुझ्न सकिन्छ । यस क्षेत्रका उत्तरदाताहरुको विवाहको निर्णय आफूमा नभएर अभिभावक नै रहेको पाइन्छ ।

- ❖ उत्तरदाताहरुको दाइजो र अंश सम्बन्धीको धारणामा दाइजो दिनमा उपयुक्त भन्नेहरु १२ जना, अंश दिन उपयुक्त भन्नेहरु ५६ जना, र शिक्षा, तालिम र सीप सम्बन्धीको धारणा व्यक्त गर्नेहरु ६ जना पाइयो ।
- ❖ विवाहको आधारमा दाइजोको मागबारे भएको उत्तरदाताहरुको उत्तरमा मागी विवाह अन्तर्गत ५७ जना मध्ये ४८ जनाले दाइजो ल्याएका छन् भने ९ जनाले दाइजो ल्याएका छैनन् । त्यस्तै गरी प्रेम विवाह गर्ने १७ जनामा ९ जनाले विवाह पश्चात् पनि दाइजो ल्याएका छन् भने ८ जनाले नल्याएको अवस्था पाइयो ।
- ❖ दाइजो दिनेमा सवैभन्दा बढी उच्च वर्गमा ३१ जना अर्थात् ४२ प्रतिशत, मध्यम वर्गमा २७ प्रतिशत, निम्न वर्गमा १० प्रतिशत र सवै वर्गमा छ भन्नेहरुमा ६ जना अर्थात् ८ प्रतिशत रहेका छन् ।
- ❖ दाइजो सम्बन्धी परिवारको सदस्यहरुमा सवै भन्दा धेरै चासो कसले गर्छ भन्ने प्रश्नमा २७ जना सासु, २१ जना ससुरा र ११ जना श्रीमान्हरु रहेका छन् ।

## ६.३ निष्कर्ष

हाम्रो नेपाली समाजमा छोरीको भन्दा छोराको महत्व धेरै रहेको छ । विभिन्न पक्षबाट हेर्ने हो भने, छोरालाई बोर्डिङ स्कूलमा पढाउने छोरीलाई सरकारी स्कूलमा, छोरीलाई घरायसी काममा जोड दिने तर छोरालाई बाहिरी र प्राविधिक कुराहरुमा सहयोग गर्ने, छोरालाई पैतृक सम्पत्तिको हक दिने छोरीलाई विवाह गरेर घरजम गरोस् भनि विवाह गरिदिने गरेको पाइन्छ ।

त्यस्तै गरी यस खाल्टे मसिनाका विवाहित महिलाहरुमा दाइजोले पारेको प्रभावको अध्ययन अनुसन्धान गर्दा उत्तरदाताको उत्तर अनुसार महिलाहरु शिक्षित भएर पनि दाइजो ल्याउन पर्ने अवस्था रहेको छ । घर भित्र र बाहिरको कामलाई पनि विवाहित महिलाहरुले काम गरेर आय आर्जन गर्ने गरेका छन् । दाइजो नल्याएकाहरुलाई पारिवारले मानसिक तनाब दिने गरेको र ल्याएकाहरुले विवाहको समयमा ऋण गरेर विवाह गरेको हुनाले आर्थिक समस्यामा पर्न गएको देखिन्छ ।

महिलाहरुको स्तर बढाउनको लागि प्रत्येक क्षेत्रमा अवसरमा दिनुपर्ने, छोराछोरी, बुहारी समान हुन् भन्ने धारणा विकास गराउने । दाइजो सम्बन्धी चेतनामूलक कार्यहरु समाज र राज्यले अलम्बन गर्नुपर्ने देखिन्छ भने दाइजो लेनदेन गर्नेलाई कानुनी रुपमा सजाए दिएमा महिलाको जीवनमा परिवर्तन आउने छ ।

# सन्दर्भ सूचि

अर्याल, भोजेन्द्र (२०६२), *लैङ्गिक अध्ययन,* कीर्तिपूर, काठमाडौंः दीक्षान्त पुस्तक प्रकाशन, नेपाल बागी अफसेट प्रेस ।

आचार्य, बलराम (२०७१), *लैङ्गिक र महिलावादी अध्ययन,* नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं ।

उप्रेती, लयप्रसाद (१९८९), *वीमन एण्ड क्रेडिट इन नेपाल :* सम अब्जरबेसन अफ एचिभमेण्टस एण्ड लिमिटेसन इन नेटवर्कर, काठमाडौं ।

तामाङ्क, सेरा (२००४), *नेपालमा विकासे नारीवाद र लेखन :* नेपालको सन्दर्भमा समाजशास्त्रीय  चिन्तन, मेरी डेसेन, प्रत्युसवन्त, सोसल साइन्स वहा ।

थापा, कृष्ण बहादुर (कृष्ण बहादुर *(१९८५), विमिन एण्ड सोसियल चेञ्ज इन नेपाल,*काठमाडौं : पब्लिक बाई अम्बिका थापा ।

भण्डारी, के.पी. (२०६०) *समाजका नमूनाहरु* श्याम पुस्तक भण्डार, विराटनगर ।

भासिन, कमला (१९९३), *आखिर जेण्डर के हो  त ?* काठमाडौं : स्त्री साथी ।

भट्टराई, दोघेनारायण (२०६०), *नेपाली महिलाहरुको हैसियत,* मकवानपूर जिल्ला हेटौंडा ।

मार्सल, गोरडेन (२००४), *डिक्सनरी अफ सोसिओलोजी,* अक्सर्फड यूनिभर्सिटी प्रेस : न्यू दिल्ली ।

मानव अधिकार अनुसन्धान (१९९६), इन्सेक, काठमाडौ ।

मेहता, चेतन (१९९६), *महिला एवम् कानुन,* आशिष पञ्जावी हाउस, न्यू दिल्ली ।

मोस्से, जुलिया क्लेभेज (१९९३), *हाफ दी वल्ड हाफ दी चान्स,* अक्सफाम पब्लिकेशसन ।

रीटजर, जर्ज (१९९६), *मोर्डन सोजियोलोजिकल थिओरी,* न्यू दिल्ली ।

सुवेदी, मधुसुदन, (२०५६) *हिन्दु विवाहको इतिहास,* सानेपा, ललितपूरः श्रीमति सानुमैया सुवेदी,

शर्मा, जनकलाल, (२०३९) *हाम्रो समाज एक अध्ययन,* काठमाडौंः साझा प्रकाशन।

# अन्तरर्वाता अनुसुची

**सामान्य परिचय**

**उत्तरदाताको नामथर............................**

**ठेगाना......................**

**उमेर........................**

**शिक्षा......................** **धर्म................**

**भाषा.................** **जात..............**

---

१. तपाइको विवाह भएको कति वर्ष भयो ?

क) १ -५ ख) ५-१० ग) १० -२०

२. तपाई विहान कति बजे उठ्नुहुन्छ ?

क) १५-२० ख)२१-३० ग) ३१-४० घ) ४१-५०

३. शिक्षा

क) निरक्षर ख) साक्षर ग)एस.एल.सी भन्दा कम

घ) एस.एल.सी पास ङ) आइ.ए पास च) बी.ए. पास

छ) बी.ए.भन्दा कम

४) घरपरिवारको सदस्यहरुसँग तपाईको सम्बन्ध कस्तो रहेको छ ?

क) राम्रो ख) ठीकै ग) नराम्रो ५) पेशा

क) गृहीणी, ख) व्यापार, ग) मजदुरी, घ) नोकरी ङ) अन्य

६) वैवाहिक स्थिति

क) भर्खर विवाह भएको ख) सम्बन्ध विच्छेद भएको ग) विधवा

घ) श्रीमान्सँग छुटिएर बसेको ङ) परिवारसँग बसेको

७) परिवारको सदस्य संख्या

क) २-४ ख) ४-६ ग) ६ देखि माथि

८) परिवारको संरचना

क) एकल ख) संयुक्त ग) बृहत

९)	विवाह गर्दा तपाइको उमेर कति थियो ?

क) १५ -२०	ख) २०-२५	ग) २५-३०

घ) ३० भन्दा माथि

१०)	विवाह हुनुभन्दा पहिला तपाइको माइती घरको आर्थिक अवस्था कस्तो थियो ?

क) राम्रो	ख) नराम्रो	ग) ठीकै

११)	तपाइको अभिभावकले तपाइलाई कुन कुरामा बढी प्रेरित गर्नुभयो ?

क) शिक्षा	ख) विवाह	ग) आत्मनिर्भर बन्नमा

घ) घरायसी काममा	ङ) अन्य

१२)	तपाइको पढाइ रुचि कस्तो खालको थियो ?

क) राम्रो	ख) ठीकै	ग) थिएन

१३)	तपाइको विवाह कस्तो प्रकार थियो

क) मागी	ख) प्रेम विवाह	ग) अन्य

१४)	विवाह तपाइले चाहेको समयमा नै भएको हो ?

क) हो	ख) होईन

१५)	तपाइको विवाहमा दाइजोको माग भयो कि भएन

क) भयो	ख) भएन

१६)	तपाइको विवाहमा तपाइको अभिभावकलाई खर्च जुटाउन समस्या परयो कि परेन ?

क) समस्या पऱ्यो	ख) समस्या परेन	ग) ठीकै

१७)	तपाइको विवाहमा दाइजो ल्याउनुभयो कि भएन ?

क) ल्याए	ख) ल्याइन

१८)	यदि ल्याउनुभयो भने जिन्सी वा नगद?

क) जिन्सी	ख) नगद	ग) दुवै

१८)	तपाइको विवाह कस्तो प्रकारले होस् भन्ने चहानुहुन्थ्यो ?

क) खर्चिलो	ख) ठीकै	ग) साधारण

१९)	के दाइजो प्रथा गम्भिर विषय हो ?

क) हो	ख) होइन	ग) ठीकै

२०)	तपाइको निजि सम्पत्ति जस्तो दाइजो पेवा छ कि छैन

क) छ	ख) छैन

२१) तपाइलाई दाइजो लिनु दिनु ठीक हो जस्तो लाग्छ वा लाग्दैन ?

क) लाग्छ ख) लाग्दैन ग) ठीकै

२१) यदि लाग्छ भने किन ?

.........................................................................

२१. २) यदि लाग्दैन भने किन

..........................................................................

२२) घरको काम कति समय सम्म गर्नुहुन्छ?

क) ४-९ घण्टा ख) ९-१३ घण्टा ग) १३ -१७ घण्टा

२३) यदि तपाइले दाइजो ल्याउनु भएको छ भने दाइजोले परिवारका सदस्यहरु खुशी भएका पाउनुहुन्छ ?

क) छ ख) छैन ग) भन्न चहान्न घ) थाहा छैन

२४) तपाइले ल्याएको दाइजोले केही सहयोग ल्याएको छ ?

क) सामाजिक प्रतिष्ठा ख) आर्थिक उपाजन

ग) घरबाट परिवारबाट राम्रो व्यवहार घ) शैक्षिक क्षेत्रमानिरन्तरता दिनमा सहयोग

२५) यदि तपाइले दाइजो ल्याउनु भएको छैन भने परिवारका सदस्यहरुले कस्तो व्यवहार गरेका छन् ?

क) राम्रो ख) नराम्रो ग) ठीकै

२६) तपाइको परिवारको कुन सदस्यले दाइजोकोबारेमा बढी चासो देखाउनुहुन्छ ?

क) सासु ख) ससुरा ग) श्रीमान् घ) नन्ददेवर

ङ) थाहा छैन

२७) तपाइ र परिवारको बीचको आपसी सम्बन्धमा कस्तो पाउनु भएको छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै घ) घनिष्ठ

२८) तपाइको समाजमा दाइजोका कारण के कस्ता घटना घटेका छन् तपाइलाई थाहा छ ?

क) सम्बन्ध विच्छेद ख) हत्या ग) मानसिक हिंसा घ) कुटपिट ङ) घर निकाल

२९) तपाइको बिचारमा दाइजो प्रथा कस्तो लाग्छ यसलाई सुधार गर्नुपर्ला की नपर्ला

क) सुधार गर्नुपर्छ ख) सुधार गर्नुपदैन ग) थाहा छैन

३०) यदि सुधार गर्नुपर्छ भने समाजमा को कसले कस्तो भूमिका खेल्नु पर्ला ?

क) सरकारी पक्षबाट कडा निति नियम बनाउनुपर्छ ।

ख) स्थानीय सरकारका आमा समूहलाई सक्रिय बनाउनुपर्छ ।

ग) व्यक्तिः स्वयम दाइजो प्रथाको सुधारमा लाग्नु पर्छ ।

घ) दाइजो लिने र दिने व्यवहारमा संलग्न नभएकालाई समाजमा पुरस्कृत गर्नुपर्दछ ।

३१) दाइजो प्रथालाई अझ प्राथमिकता दिइदै आएको तपाइ कुन वर्गलाई ठान्नुभएको छ ?

क) उच्च वर्ग ख) मध्यम वर्ग ग) निम्न वर्ग

घ) माािथका सवै

३२) तपाइलाई यस सम्बन्धमा केही भन्न मन लागेको छ कि ?

..........................................